वर्ष : १७, अंक : ३५, काठमाडौं, २०७८ पुस २ गते शुक्रबार, 17 December 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## मधेशका माग सम्बोधन नभए विस्फोट हुन्छ : ठाकुर



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले आफ्नो पार्टीले उठाएका मुद्दाहरू सम्बोधन गर्न सरकारलाई आग्रह गरेका छन् ।

नेपाली कांग्रेसको १४ औं महाधिवेशनको उद्घाटन समारोहमा बोल्दै अध्यक्ष ठाकुरले तत्कालिन केपी शर्मा ओली नेतृत्वको सरकारले १३९ जना नेता कार्यकर्ताहरूलाई जेलमुक्त गरेको स्मरण गर्दै अझै समस्याहरू बाँकी रहेको बताए ।

१३९ जनालाई जेलमुक्त गरिदिएकोमा ओलीलाई धन्यवाद दिँदै ठाकुरले बाँकी रहेका समस्या पनि सम्बोधनका लागि सरकारसँग आग्रह गरे ।

ठाकुरले न्यायालय विवादको निरूपण अदालत आफैंले छिनोफानो गर्नुपर्ने बताए । उनले भने, 'सर्वोच्च अदालतको पनि त्यही अवस्था छ । जनताले पाउनुपर्ने न्याय पाउनमा असर परिरहेको छ । अदालत आफ्नै विवादमा फसेको छ । दुनियाँको छिनोफानो गर्ने सर्वोच्च अदालत आफैंले छिनोफानो गर्नुपर्छ । अरूले हस्तक्षेप गर्न मिल्दैन ।'

उनले पार्टी सिस्टममा पार्टीले सरकार बनाउने भन्दै अहिले हाम्रो देशमा संसद राम्ररी काम गर्न नसकेको बताए । 'देउताहरू समुद्र मन्थन गरेर रत्न प्राप्त गरेका थिए । तपाइँहरू जनमन्थन प्राप्त गरी यहाँ आउनुभएको छ,' उनले भने ।

उनले आफूहरूको असन्तुष्टि वर्तमान संविधानमा रहेको बताए । 'संविधानमा हाम्रा केही असन्तुष्टिहरू छन्। निर्वाचित हाम्रा सांसदहरू जेलमा छन् । क्रान्तिको लागि भएको आन्दोलनको छिनोफानो राजनीतिकरूपले हुनपर्छ भन्ने हाम्रो माग हो । हाम्रा माग सम्बोधन नहुने हो भने ज्वालामुखीजस्तै विष्फोट हुन्छौं,' उनले भने ।

## मधेश आन्दोलनका बेला भएका सहमति कार्यान्वयन गर्नुहुन्छ : यादव



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश आन्दोलनका बेला भएका सहमतिहरू कार्यान्वयन गर्न आग्रह गरेका छन् ।

नेपाली काँग्रेसको १४ औं महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष यादवले विगतमा मधेश आन्दोलनका बेला भएका सहमति कार्यान्वयन गर्न अब ढिला गर्न नहुनेमा जोड दिएका हुन् ।

साथै उनले संविधान संशोधनका लागि जोड दिएका छन् । उनले समावेशी समानुपातिक प्रतिनिधित्वले नै लोकतन्त्रलाई बलियो बनाउने धारणा पनि व्यक्त गरेका छन् ।

यादवले जनतामा व्याप्त असमानता, बेरोजगारी, अशिक्षालाई समाप्त गर्दै सबै खाले शोषण, उत्पीडन अन्त्य गर्नुपर्ने खाँचो औंल्याए ।

उनले संविधान संशोधन, नागरिकता समस्या समाधान, विगतमा गरेका प्रतिबद्धता पूरा गर्न अब ढिला गर्न नहुने पनि प्रस्ट पारे । विगतका कमी कमजोरी हटाएर राजनीतिक अस्थिरता, दिशाहीनता र अन्योलयतालाई अन्त्य गर्नुपर्ने उनको भनाइ छ । यादवले निर्वाचन प्रणाली र शासकीय स्वरूप फेर्नुपर्ने प्रस्ताव गरे ।

उनले भने, 'लोकतन्त्रका लागि फेरि जनताले आन्दोलन नगर्न संधिवानलाई अविलम्ब संशोधन गर्नुपर्छ । निर्वाचन प्रणाली र शासकीय स्वरूपमा परिवर्तन गर्नुपर्छ ।'

## आगामी चुनावलाई लक्षित गर्दै जनमतले तय गऱ्यो उम्मेदवारको मापदण्ड




जनकपुरधाम । डा. सीके राउत नेतृत्वको जनमत पार्टीले अगामी निर्वाचनलाई लक्षित गर्दै तीनै तहका उम्मेदवारहरूका लागि आर्थिक मापदण्ड तयार पारेको छ । धनुषाको ढल्केबरमा बसेको जनमत पार्टीको विस्तारित बैठकले उम्मेदवारका लागि आर्थिक मापदण्ड तयार पारेको हो । बैठकले निर्वाचनमा प्रचार प्रसार, चुनावी सभा, स्वयंसेवक व्यवस्थापन र धरौटीका लागि उम्मेदवारले न्यूनतम रकमको जोहो गर्नुपर्ने मापदण्ड बनाएको प्रेस जनमत संघका केन्द्रीय अध्यक्ष बिपी साहले बताए । उनका अनुसार प्रतिनिधिसभा सदस्य अर्थात् संघीय सांसदको उम्मेदवार बन्न न्यूनतम ५० लाखको व्यवस्था गरेको देखाउनुपर्छ । प्रदेशसभा सदस्य, का लागि २५ लाख, पालिका अध्यक्षका लागि १२ देखि १५ लाख र वडाध्यक्षका लागि उम्मेदवारहरूले २ लाख ५० हजार रूपैयाँ जोहो गर्नुपर्ने आर्थिक मापदण्ड बनेको छ ।

बैठकमा पार्टी अध्यक्ष डा. राउतले उम्मेदवारबाट पार्टीलाई कुनै किसिमको आर्थिक सहयोग नचाहिने भन्दै आर्थिक मापदण्ड अनुसारको न्यूनतम रकम चुनावमा खर्च गर्ने मानसिकता बनाउन सुझाए । 'पैसा नभएकै कारण चुनाव लड्न नपाउने भनेको हैन', उनले भने, 'समाजमा काम गरेका र राम्रो छवि भएका व्यक्तिका लागि खर्च व्यवस्थापन ठूलो समस्या होइन् । यद्दपी न्यूनतम खर्चको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।' अहिलेसम्म अन्य दलले उम्मेदवारका लागि आर्थिक मापदण्ड तयार पारेका छैन । तर बढी पैसा भएका व्यक्तिलाई मात्र टिकट दिने प्रबृति दलहरूमा हावी भएको छ ।

# कांग्रेसमा मधेशी : मतदाता र करदाता

## विमलेन्द्र निधि मधेशी हुन् त्यसैले उनी अवसरबाट चुक्दैछन् !

मधेशवाणी डेस्क

काठमाडौं । नेपाली कांग्रेसको १४ औं महाधिवेशन काठमाडौंमा सम्पन्न भएको छ । महाधिवेशनले आगामी पाँच वर्षका लागि नयाँ नेतृत्व निर्वाचित गर्दैछ । बिहीबारसम्मको परिणामअनुसार सभापतिमा शेरबहादुर देउवा, उपसभापतिमा पूर्णबहादुर खड्का र धनराज गुरूङ्ग तथा महामन्त्रीमा गगन थापा र विश्वप्रकाश शर्मा विजयी भइसकेका छन् । अन्य पदहरूको मतगणना बाँकी नै रहेको छ ।

अहिलेसम्म घोषित तीन माथिल्लो पदमा एक जना पनि मधेशी विजयी भएका छैनन् । सभापतिमा मात्र एक जना मधेशी विमलेन्द्र निधिले उम्मेदवारी दिएका थिए भने उपसभापति र महामन्त्रीका मधेशीले उम्मेदवारी नै दिएनन् ।



फाइल तस्वीर

सभापतिमा उम्मेदवारी दिएका निधिको कमजोर धरातीय आधारले उनी निर्वाचित हुन सकेनन भने मधेशी भएकै कारणले पनि उनले पर्याप्त मत ल्याउन सकेनन ।

नेपाली कांग्रेस आफूलाई जति मधेशी मैत्री भन्छन् व्यवहारतः उति छैन । कांग्रेसले मधेशलाई भोट ब्यांक ठान्छन् तर पार्टीको नेतृत्वमा कोही मधेशी आओस् स्वीकार गर्दैनन् । नत्र सभापतिमा उम्मेदवारी दिएका निधिकै पक्षमा किन कांग्रेसले सहमति जनाउन सकेनन् ? किन देउवा र अन्य शीर्ष नेताहरूले निधिलाई समर्थन गरेनन?

सभापतिमा साझा उम्मेदवार छान्न नसकेर पार्टी राजनीति छाडने घोषणा गरेका रामचन्द्र पौडेलले पनि किन निधिको नाममा सर्वसम्मत हुन सकेन । यी घटनाक्रमहरूले कांग्रेस समग्र मधेशको पक्षमा नरहेको प्रष्टै देखाउँछ ।

२०१५ सालको आमनिर्वाचनमा प्रतिनिधिसभाको १०९ मध्ये ७४ सिट जितेर कांग्रेसले दुईतिहाइ ल्याएको थियो । नेपाली कांग्रेसको टक्कर प्रतिगमनकारी राणाहरूको सहयोगमा गठन गरिएका नेपाल राष्ट्रवादी गोर्खा परिषद्सँग थियो । संसदमा प्रतिपक्षीको भूमिकामा रहेका नेपाल राष्ट्रवादी गोर्खा परिषद्ले मुस्किलले मधेशमा केही सिट जितेका थिए । चार ठाउँमा मात्र जितेका कम्युनिस्ट पार्टी मधेशमा एक सिटमा सीमित भएका थिए । मधेशीको हकहितका लागि गठन गरिएको भनिएको नेपाल तराई कांग्रेसको एकजना पनि उम्मेदवारलाई नजिताई मधेशीले नेपाली कांग्रेसलाई मतदान गरेको इतिहास साक्षी छ ।

२०४८ सालको आमनिर्वाचनमा प्रतिनिधिसभाको २०५ सिटमध्ये ११० सिट कांग्रेसले जितेका थिए । यसमध्ये ५१ वटा सिट मधेशबाटै प्राप्त भएको थियो । रोचक के छ भने मधेशमा जहाँ गैरमधेशीको बाहुल्य थियो, त्यहाँ कांग्रेस पराजित भएको थियो । झापाबाट कांग्रेसका सबै प्रत्याशी पराजित भए । तर मधेशको केन्द्र जनकपुर र त्यसवरिपरिका जिल्लालाई नेपाली कांग्रेसले खर्लप्पै खायो । धनुषा, महोत्तरी, सर्लाहीलगायत जिल्लामा एउटा पनि सिट कुनै अन्य पार्टीले जित्न सकेका थिएनन् ।

यस्तै अवस्था २०५६ सालमा देखियो । मधेशबाट नेपाली कांग्रेसले ५३ वटा सिट जिते । प्रतिनिधिसभाको कुल २०५ मध्ये ५३ सिट मधेशबाट जितेपछि नेपाली कांग्रेसले सहजरूपमा बहुमत हासिल गऱ्यो । तर २०६४ को मधेश विद्रोहपश्चात् पहिलो संविधानसभामा मधेशी दलहरूको उदयले त्यहाँ नेपाली कांग्रेसको ग्राफ स्वाटै घट्यो । तर तिनै मधेशी दलहरू जब टुक्राटुक्रामा विभाजित भए २०७० सालको दोस्रो संविधानसभामा नेपाली कांग्रेसले बहुमत हासिल गऱ्यो ।

२०७५ सालको आमनिर्वाचनमा मधेशी दलहरूको गठबन्धन भयो, नेपाली कांग्रेसको दुर्दशा भयो । मधेश जहाँ नेपाली कांग्रेसको वर्चस्व हुने गर्थ्यो, एउटा उम्मेदवारलाई जिताउन उसलाई हम्मेहम्मे पऱ्यो ।

नेपाली कांग्रेसका तात्कालीन अध्यक्ष तथा सन्तनेता कृष्णप्रसाद भट्टराईलाई बारम्बार काठमाडौंको मतदाताले अस्वीकृत गरेपछि उनी मधेश झरे । पर्साले उनलाई भारी बहुमतले जिताएपछि फेरि उनी प्रधानमन्त्री भए । यसरी मधेशबाट जितेर प्रधानमन्त्री भएका केपी भट्टराई कांग्रेसका एक्ला पात्र होइनन् । सबै कोइराला बन्धुहरू पनि मधेशबाटै जितेर बारम्बार प्रधानमन्त्री भएका हुन् ।

झन्डै प्रधानमन्त्री बनेका महेन्द्रनारायण निधिलाई मुलुकको कार्यकारी प्रमुख बन्न नदिएर सिंगो देशलाई मध्यावधिमा धकेल्नु गिरिजाप्रसाद कोइरालाको कति दुस्साहसपूर्ण निर्णय थियो भन्ने कुरा कांग्रेसले भोगिसकेको तथ्यलाई नवनिर्वाचित सभापति शेरबहादुरले बिर्सनु हुँदैन ।

मोरङ र सुनसरीबाट बीपी कोइराला तथा गिरिजाप्रसाद कोइराला तथा बाँकेबाट सुशील कोइराला चुनाव जितेर देशको प्रमुख कार्यकारी पद पाएका हुन । शेरबहादुर देउवाबाहेक नेपाली

बाँकी अन्तिम पृष्ठमा

## हृदयेश त्रिपाठीको 'जनता प्रगतिशील पार्टी, नेपाल' घोषणा

काठमाडौं । प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री हृदयेश त्रिपाठीले 'जनता प्रगतिशील पार्टी' नामक राजनीतिक दल घोषणा गरेका छन् ।

मंगलबार काठमाडौंको नयाँबानेश्वरस्थित एभरेष्ट होटलमा आयोजित एक कार्यक्रमबीच त्रिपाठीको नेतृत्वमा जनता प्रगतिशील पार्टी (जप्रपा) घोषणा गरिएको छ ।



जप्रपामा अन्य पदाधिकारीहरू घोषणा गरिएको छैन । संयोजकको रूपमा त्रिपाठी रहेका छन् । अन्य पदाधिकारी वा कार्यसमिति पछि घोषणा गरिने त्रिपाठीले बताएका छन् । कार्यसमितिबारे आन्तरिक छलफल भइरहेकोसमेत उनले बताए । संयोजक त्रिपाठीले देशमा पार्टीको अभाव भएर यो नयाँ दलको गठन नभएर वैचारिक बहस प्रायः शून्य भएको वर्तमान अवस्थामा देशको राजनीतिक नै लिकभन्दा बाहिर गइरहेको जिकिर गरेका थिए ।

'अन्य दलको आलोचना गरेर आफू असल दल साबित गर्ने अस्वस्थ्य प्रतिस्पर्धामा हाम्रो रूचि रहने छैन । तसर्थ अन्य दलप्रति हाम्रो आत्मीय सम्मान छ,' त्रिपाठीले भने, 'वर्तमान परिदृष्यमा दलहरूबीच न्यूनतम् साझा विषयहरूमा राष्ट्रिय सहमतिको नितान्त आवश्यकता छ । यसले नै लिक बाहिर पुगेको राजनीतिलाई पुनः सही बाटोमा ल्याउनेछ र संविधानलाई चलायमान बनाउने छ ।'

राजनीतिक दस्तावेज
पृष्ठ ४ मा

## प्रदेश २ को नाम र राजधानी टुंग्याउन फेरि सकस

काठमाडौं । प्रदेश २ को प्रदेशसभाको आठौं अधिवेशनले पनि प्रदेशको नाम र राजधानी टुंग्याउन असफल भएको छ । प्रदेशको नाम र राजधानीका विषयमा दलहरूबीच सहमति नहुँदा चार वर्षयता गरिएको प्रयास सफल हुन सकेको छैन । प्रदेशसभाको आठौं अधिवेशनको बुधबार बसेको पहिलो बैठकमा पनि नाम र राजधानी टुंग्याउने विषय कार्यसूचीमा राखिएको थियो तर, बैठकमा त्यो विषयले प्रवेश नै पाएन/ । सभामुख सरोज यादवले दुवै प्रस्ताव कार्यसूचीबाट हटाइएको घोषणा गरेका थिए ।



संसदीय दलका नेताहरूले प्रदेशको नाम र राजधानी तत्काल टुंगो लगाउनुपर्ने बताए पनि कार्यसूचीमा दुवै प्रस्तावले प्राथमिकता पाएनन । सबै दलको प्रस्तावक र समर्थक उपस्थित नहुँदा छलफल नगरिएको संसद् सचिवालयका निमित्त सचिव रञ्जित यादवले बताए । बैठकमा नेपाली कांग्रेसका सांसदहरू नै अनुपस्थित थिए ।

बैठकको सुरूमा सम्बोधन गरेका मुख्यमन्त्री लालबाबु राउतले प्रदेशको नाम र राजधानी टुंग्याउन नसक्दा पीडाबोध भएको बताए । 'प्रदेशको राजधानी टुंगो लाग्न नसक्दा राजधानीको संरचना तयार गर्न समस्या छ,' उनले भने, 'प्रदेशको नाम लिएर घोचपेच हुँदा पीडा भइरहेको छ।'

प्रदेशको नाम र राजधानीको विषय अब टुंगिने मुख्यमन्त्रीले बताइरहँदा पनि निकास मिल्ने सम्भावना भने न्यून छ । किनभने प्रदेशका कुनै पनि दलको बहुमत नरहेकाले नाम र राजधानी टुंग्याउन दलीय सहमति आवश्यक छ । दलहरूबीच नै असमझदारी कायम रहेकाले यो विषय तत्कालै टुंगिन सक्ने सम्भावना छैन ।

बैठकका माओवादी केन्द्रका सांसद जगत यादवले प्रदेशको नाम मधेस राख्न आग्रह गरे । यादवले प्रदेशको नामाकरण पहिचानसहितको हुनुपर्ने उल्लेख गर्दै प्रदेशको राजधानी पनि बृहत् जनकपुरधाम हुनपर्ने माग गरे ।

प्रदेशको नाम र राजधानी दुई तिहाइले टुंग्याउने प्रावधान छ । अहिले प्रदेश २ सरकारसँग दुई तिहाइभन्दा बढी सांसद छन् । तर सरकारमा सहभागी जनता समाजवादी पार्टी प्रदेशको नाम मधेस, नेपाली कांग्रेसले मिथिला-भोजपुरा र नेकपा (समाजवादी) ले जानकी प्रस्ताव गरेको छ । सरकारमै सहभागी माओवादी भने मधेश नाममा सहमत देखिन्छ ।

# सम्पादकीय

## निधि पराजयको भाष्य

नेपाली कांग्रेसको १४औं महाधिवेशनमा सभापति पदका उम्मेदवार उपसभापति विमलेन्द्र निधि अन्नतः पराजय भोगेका छन् । निधिको पराजय स्वयं उनका लागि अनपेक्षित होइन । सभापति पदका लागि उम्मेदवारी दिनुअघिसम्म निर्वाचन जित्न सकिदैन भन्ने यर्थाथ उनलाई थाहा थियो । निधिले पहिलो चरणको निर्वाचनमा जम्मा २५० मत पाए भने दोस्रो चरणमा भने सभापतिका उम्मेदवार पार्टी सभापति शेरबहादुर देउवालाई समर्थन गरे । आखिर नजित्ने निर्वाचन निधि किन लडे र आफू हारिन्छ भन्ने थाहा हुँदाहुदै किन पछाडि हटेनन् भन्ने जिज्ञासा अहिले कांग्रेस कार्यकर्तामाझ जिवितै छ । नजित्ने निर्वाचनमा उम्मेदवार भएर निधिले के सन्देश दिने खोजे भन्ने विषयमा पनि फरक फरक ढंगले व्याख्या र विश्लेषण पनि भइरहेको छ ।

निधि हारको मुख्य कारण उनी आफै प्रतिनिधि रहेको गृह प्रदेशलाई नै विश्वास नगरेको देखिन्छ । अर्थात् निधिले प्रदेश २ बाट प्रतिनिधित्व गरे पनि उनले त्यहाँ आफनो अनुकुल वातावरण बनाउन सकेनन । उनले प्रदेश २का प्रतिनिधिलाई नै विश्वास नगरेको देखिन्छ ।

निधिले प्रदेश २ बाट कांग्रेसलाई प्रतिनिधित्व गर्ने पुराना नेताहरूलाई महत्व दिएनन् । उनले निर्वाचनको तयारी समेत पर्याप्त गरेको देखिएन । आफ्नो प्यानलबाट पदाधिकारी समेत खडा गर्न सकेनन् । सीमित घेरामा रमाउनु उनको कमजोरी रह्यो ।

यसअघि साथ दिंदै आएका धनुणाका नेताहरू महेन्द्र यादव, आनन्दप्रसाद ढुंगाना लगायतले साथ छोडेपछि प्रदेश २ मा बलियो जनाधार भएका नेताहरू निधिको साथमा रहेनन् । यतिसम्म कि निधिलाई साथ दिने नेताहरू विरूद्ध स्वयं लागेका थिए । महेन्द्र यादव शुरूदेखि नै शेरबहादुर

**मधेश र मधेश आन्दोलनमा निधिमा कुनै प्रकारको लिगेसी थिएन । सप्तरीको मलेठमा मधेशीको हत्या हुँदा निधि नै गृहमन्त्री थिए तर उनले उक्त घटनालाई सामान्य रूपमा लिएका थिए । उक्त घटनाको प्रभाव पनि उनको उम्मेदवारीमा परेको छ ।**

देउवाको प्यानलमा थिए । निधिले देउवाविरूद्ध उम्मेदवारी दिएपछि यादवले पनि उनको साथ छाडे । निधिले देउवाका साथ छोडेपछि कृष्णप्रसाद सिटौलाले देउवालाई साथ दिए । फलस्वरूप सिटौला पक्षबाट महामन्त्री, सहमहामन्त्री र केही केन्द्रीय सदस्यमा उम्मेदवारी दिइयो र निधि कमजोर उम्मेदवार सावित हुँदै गए ।

कतिपयले कांग्रेसको महाधिवेशनबाट निधि कांग्रेसभित्र मधेश कित्ताको ठूलो नेता रहेको भ्रम टुटेको बताउँछन् । निधि र कांग्रेसीहरूलाई उनी कांग्रेसभित्र मधेशतर्फको खम्बा रहेको जुन भ्रम थियो, त्यो भत्किएको छ ।

मधेशमा अधिकारका लागि भएको आन्दोलनले समेत कांग्रेस महाधिवेशनमा प्रभाव पारेको छ । मधेश र मधेश आन्दोलनमा निधिमा कुनै प्रकारको लिगेसी थिएन । सप्तरीको मलेठमा मधेशीको हत्या हुँदा निधि नै गृहमन्त्री थिए तर उनले उक्त घटनालाई सामान्य रूपमा लिएका थिए । उक्त घटनाको प्रभाव पनि उनको उम्मेदवारीमा परेको छ । २०७३ फागुन २३ गते मलेठमा भएको घटनामा पाँच जनाको मृत्यु भएको थियो र त्यसबेला गृहमन्त्री रहेका निधिले ठूलो क्षति रोक्नका लागि गरिएको बाध्यात्मक कारबाही रहेको बताएका थिए । उनको यस्तो भनाइले पनि मधेशी जनतामा आक्रोश ल्याएको थियो ।

यसअघि भएको संसदीय निर्वाचनमा धनुषा ३ बाट उम्मेद्वार रहेका निधि तत्कालीन राजपाका नेता राजेन्द्र महतोसँग पराजित भएका थिए । उनको त्यो पराजय पनि अनपेक्षित थिएन ।

महाधिवेशन निधि पराजयको अर्को कारण भनेको मधेशी दल जस्तै उनी पनि मधेश र मधेशी जनताको 'ठेक्का' लिएजस्तो गर्ने व्यवहार हो । निधिले मधेशलाई आफ्नो त ठाने तर तिनका लागि केही गरेनन् । निर्वाचन जित्ने आफ्नो मुख्य धरातल मधेशलाई नै बुझ्नु उनको ठूलो भ्रम थियो । यद्यपी निधि मधेश विरोधी होइनन् तर उनको मधेशलाई हेर्ने दृष्टिकोणमै खोट छ । मधेशमा रहेको आर्थिक, राजनीतिक र सामाजिक विभेदविद्ध निधिले बोलेको कहिले कसैले पनि सुनिएको छैन ।

# यथार्थ सुन्न नचाहने नेतागण

## विचार-विश्लेषण भाग-११३



उपेन्द्र झा

राजनीतिमा विलासिताले ठाउँ लिएपछि जनअपेक्षा पूरा गर्ने राजनीतिक दायित्व जब व्यक्तिको सेवामा सीमित हुन्छ, त्यो राजनीतिको ध्येय नै समाप्त हुन्छ । त्यहाँ रहन्छ राजनीतिमा वर्चस्व जमाएर बसेका शक्तिशाली मानिसहरूको ताण्डव । शक्तिशाली मानिसहरूको पारस्परिक खेलबाट उछिट्टिएर जनमानसमा जाने कार्यलाई विकासका नाम दिएर शासकवर्ग राजनीति गरिरहेका हुन्छन् । निजी स्वार्थ अनुकूल राजनीतिलाई दाउपेंचमा प्रयोग गरी लाभ लिने प्रायःजसो चलन नै बनाएको स्थितिमा देश कता जाँदैछ, कसैलाई मतलब हुँदैन ।

निजी स्वार्थ पूरा गर्ने दाउपेंचले राजनीतिलाई भ्रष्टाचार उन्मुख बनायो र सभ्रान्त बन्ने चाहनाका साथ राजनीतिमा पकड बनाएर बस्ने मानसिकताबाट सबै जन प्रतिनिधि ग्रसित भए । जनादेशप्रतिको जिम्मेवारी बिर्सेर धनलाभको मानसिकताले सबै एउटै कुकर्मतिर लागे । सत्तापक्ष र प्रतिपक्षको धन जोड्ने मतैक्यको लामो अभ्यासले भ्रष्टाचार मौलायो । यसले संस्थागत रूप लिएर शक्तिशाली अवस्था प्राप्त गरे ।

यस संस्थाबाट ठूला ठूला धनकुबेरहरूको जन्म भयो र यसले सिङ्गै शासन प्रणालीलाई नै दास बनायो । दुई ठूला राजनीतिक शक्ति नेपाली काँग्रेस र नेकपा एमाले यस देशका शासन प्रणाली हुन् । पालैपालो सत्ता लिने, प्रतिपक्षमा बस्ने, तर शासनाधिकार अन्यत्र जान नदिने कुरामा एकमत छन् । बाँकी साना पार्टीहरू यी दुबै पार्टीका मित्र शक्तिहरू हुन् । काम लागेको बखत सहयोग गरेर केही लाभ लिने पालो पर्खाईमा बसेका हुन्छन् । मिलेर खाने साना दलको सानो इच्छालाई ठूला दलहरूले पूरा गर्ने आफ्नो कर्त्तव्य सम्झन्छन् । मधेशका दलहरू पनि यसैभित्र पर्छन् ।

एशिया वाच, एडीवी वा ट्रान्सपेरेन्सी इन्टरनेशनलले नेपालमा भ्रष्टाचारको चरम अवस्था देखायो । प्रतिवर्ष यिनका प्रतिवेदनमा भ्रष्टाचारमा सरकारको संलग्नता औंल्याउँदै आएको भएपनि सरकार त्यसबारे गम्भीर बनेन । बरू टालटुले हिसाबले अख्तियारलाई सक्रिय बनाएर साना साना भ्रष्टाचारीलाई कार्रवाही गरेर देखाउने र सरकारी संयन्त्रको शुद्धिकरण गर्ने कार्यहरूबाहेक सरकारले भ्रष्टाचारलाई खुलेआम प्रोत्साहन दिएर चलाउने ठूला शक्तिहरूलाई कारवाहीको घेरामा ल्याउने आँट देखाउन सकेन ।

शासनको मुख्य अंग बनेर भ्रष्टाचार देशको आर्थिक क्षेत्रलाई, उत्पादन क्षेत्रलाई ध्वंश पारेकोप्रति शासकवर्गमा कहिल्यै चिन्ताको विषय बन्न सकेन । नेपालको दयनीयता नै विदेशी अनुदान वा ऋण लिने महत्वपूर्ण हतियार हो भन्ने सर्वमान्य मन्त्र सबैले जाप गरी रहँदा त्यसैले सम्भवतः कोही गम्भीरतापूर्वक देशको आर्थिक बहसमा भाग लिँदैन ।

विश्व प्रसिद्ध नेपालको भ्रष्टाचारलाई लिएर नेपाल सरकारको जतिसुकै आलोचना गरिए पनि त्यसमा सुधारको प्रयास गर्नुभन्दा आलोचना गर्नेहरूको सातो लिइन्छन् । अर्थात् गल्तीलाई औंल्याई दिँदा आलोचक नै सजायका भागि हुने कस्तो लोकतान्त्रिक पद्धति हो । कुनै पनि लोकतान्त्रिक सरकार देश र जनताप्रति उत्तरदायी हुन्छन् । देश र जनतालाई बिगार्ने भ्रष्टाचार पद्धति, के देशलाई धाराशायी नगर्ला त्यसको ग्यारेन्टी कसैले लिन सक्छ ? जतिसुकै ठूलो दल कहलाए पनि समस्याहरूलाई शक्तिकेन्द्रको जिम्मा लगाउने परनिर्भर मानसिकताबाट मुक्त छैन । शक्तिकेन्द्रका गुलाम राजनीतिक दलहरू स्वेच्छाले केही गर्न सक्दैन । गरेको पनि छैन । अर्काको आदेशमा हिंड्ने राजनीतिक दलहरू कति कमजोर छन्, सर्वविदित छ ।

गत वर्ष ट्रान्सपेरेन्सी इन्टरनेशनलले सरकारकै प्रोत्साहनमा यहाँ भ्रष्टाचार मौलाएको भन्ने रिपोर्ट सार्वजनिक गर्दा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले "तथ्यमा आधारित नभएर अतिरंजित रिपोर्ट सार्वजनिक गरेको" कडा प्रतिक्रिया दिएका थिए । सत्य र तथ्यगत आलोचना सुन्नै नचाह्ने सोचलाई उदारवादी सोच भन्न मिल्छ । सरकारकै क्षत्रछायामा मौलाएको भ्रष्टाचारले देशको विधि, पद्धतिलाई बिगारेर अराजक स्थिति निर्माण गरिदिएको सत्य सूर्य जस्तै जाज्वल्यमान रहेको कुरालाई नजरअन्दाज गर्नु निश्चय पनि सामन्ती सोच र व्यवहार हो ।

देशको आर्थिक उन्नती, प्रगति सरकारी तथ्याँकले त्रैमासिक उजागर गरेपनि सरकार त्यसप्रति गम्भीर नदेखिनु सरकारसँग सुधारका कार्ययोजना नहुनु, नियन्त्रण क्षमता नहुनु, आफै राज्यसत्ताको दास हुनु हो । त्यसैकारण त दुई तिहाईको सरकारले केही गर्न सकेन । राज्य संयन्त्रलाई आफ्नो अनुकूल चलाउनु र राज्य संयन्त्र अनुकूल चल्नु पहिलो कुशल शासकको प्रतीक हो भने दोश्रो दास मनोवृति हो । आफ्नो मनोनुकूल देश र जनताको हितमा राज्य संयन्त्रलाई चलाउनु धेरै ठूलो साहसिक कार्य हो । यसमा शासकको व्यक्तित्व, कार्य कुशलता र लोकप्रियता उजागर हुन्छ । देश र जनता उन्नतशील हुन्छ । तर राज्य संयन्त्रसँग चल्नु भनेको कायरता हो । धनलाभ त हुन्छ तर जनतामा उसको बदनामी पनि प्रशस्त हुन्छ ।

मंसीर २४ गते नेपाली काँग्रेसको महाधिवेशन उद्घाटन समारोहमा आमन्त्रित राजनीतिक दलका शीर्षस्थ नेताहरूमा हालै राप्रपाका नवनियुक्त अध्यक्ष राजेन्द्र लिङदेङले सभालाई सम्बोधन गर्ने क्रममा नेताहरूका कारण देशको अवस्थाबारे प्रकाश पार्दा भनेका थिए, "अहिले गाउँघरमा नेताहरू आउँदा जनतामा कुनै आकर्षण छैन । नेता आएका कुरा भन्न जाँदा 'कुन चोर आएको' भन्छन् ।" राजेन्द्र लिङदेनको कुरालाई हजारौंले एकै आवाजले समर्थन गरे । त्यो राप्रपाको सभा थिएन ।

नेपाली काँग्रेस समर्थक कार्यकर्ताले राप्रपाको अध्यक्षको कुरालाई किन समर्थन गर्छ । तर राजेन्द्र लिङदेङको भावना नेपाली काँग्रेस र एमालेलाई विरोध गर्ने थिएन, उनको बोलीमा राजनीतिको सच्चाई थियो । राजनीतिबाट जनता कति उदासीन छन् त्यो सत्य छर्लङ भएको थियो । जन प्रतिनिधिप्रति जनताको कुनै आकर्षण बाँकी नरहेको सत्य उद्घाटनमा सभामा उपस्थित श्रोताहरूले एकमुष्ट समर्थन गरेका थिए । यो घटना मीडियाले कभर गरेपछि व्यापक रूपमा राजेन्द्र लिङदेनको सराहना भयो ।

नेतालाई चोरको संज्ञा सुनेपछि प्रचण्ड बोल्ने क्रममा सभालाई सम्बोधन गर्दै, "आजभोलि नेता गाउँमा जाँदा चोर भन्छन्, के यो सही हो ?" श्रोता एकै स्वरमा सबैले भने- सही हो । प्रचण्डले पुनः सबैलाई सिकाए - होइन । त्यसपछि केपी शर्मा ओलीको पनि प्रचण्ड जस्तै प्रतिक्रिया थियो । उ पनि नेतालाई चोरको संज्ञा असह्य रहेको भने ।

**नेतालाई चोरको संज्ञा सुनेपछि प्रचण्ड बोल्ने क्रममा सभालाई सम्बोधन गर्दै, "आजभोलि नेता गाउँमा जाँदा चोर भन्छन्, के यो सही हो ?" श्रोता एकै स्वरमा सबैले भने- सही हो । प्रचण्डले पुनः सबैलाई सिकाए - होइन । त्यसपछि केपी शर्मा ओलीको पनि प्रचण्ड जस्तै प्रतिक्रिया थियो । उ पनि नेतालाई चोरको संज्ञा असह्य रहेको भने ।**

लाज पचाएर बस्ने नेताहरूको लागि आफ्नो विरोध असह्य हुन्छ । राजनीतिमा सर्वाधिकार हासिल गर्ने यी दुई राजनीतिक दलहरूको विकल्प पनि नदेखिएका कारण यिनी सर्वशक्तिमान भएका हुन् । तर राजनीतिक धरातलमा फैलिएको असन्तुष्टता, आक्रोशले भोलि विकल्प नखोज्ला भन्न सकिन्न । यी दलहरू बेलैमा सुध्रिए अस्तित्व रहन्छ, होइन भने यहाँ कोही शाश्वत छैन ।

janukjha24@gmail.com

# कृषिलाई आधुनिकीकरण गर्न कृषि विश्वविद्यालय स्थापना : उपेन्द्र यादव

सप्तरी । प्रदेश नं. २ सरकारको महत्वाकांक्षी परियोजना प्रदेश कृषि विश्वविद्यालय सप्तरीले राजविराजमा कार्यालय स्थापना गर्दै औपचारिक रूप ग्रहण गरेको छ ।

पूर्वउपप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले विश्वविद्यालयको कार्यालय उद्घाटन गरेपछि कृषि विश्वविद्यालयले औपचारिक रूप ग्रहण गरेको हो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै पूर्वउपप्रधानमन्त्री यादवले ८० प्रतिशत जनता कृषि मै आधारित रहेको हुँदा कृषिलाई आधुनिकीकरण गर्न प्रदेश सरकारले कृषि विश्वविद्यालय स्थापना गरेको बताएका छन् । यस विश्वविद्यालयबाट उत्पादन हुने दक्ष जनशक्तिले कृषि क्षेत्रमा आधुनिकीकरण गर्दै प्रदेशबाट गरिबी र बेरोजगारी न्यूनीकरण गर्न ठूलो मद्दत पुग्ने विश्वास उनले व्यक्त गरे ।

कार्यक्रमका विशिष्ट अतिथि मुख्यमन्त्री राउतले दक्ष जनशक्ति उत्पादन नभएसम्म प्रदेशको विकास सम्भव नरहेकाले कृषि विश्वविद्यालयको स्थापना गरिएको बताए ।

दक्ष जनशक्ति उत्पादन गर्ने सिटिईभिटि प्रदेश सरकार मातहत हुनुपर्ने भएपनि संघीय सरकारले




हालसम्म हस्तान्तरण नगरेको हुँदा प्रदेश सरकार विश्वविद्यालयका साथै प्राविधिक शिक्षा बोर्डसमेत स्थापना गर्ने प्रक्रिया शुरू गरिसकेको बताए ।

बिना शिप वैदेशिक रोजगारीमा जाने युवाहरूको पीडाबाट प्रदेश सरकार अबगत रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले प्राविधिक शिक्षामा जोड दिँदै प्रदेश सरकारले आत्मनिर्भर र रोजगारमूलक प्रदेश बनाउने प्रयास अगाडि बढाएको बताए । विश्वविद्यालयको कुलपति समेत रहेका मुख्यमन्त्री राउतले विश्व विद्यालय संचालनका लागि प्रदेश सरकार हरसम्भव प्रयासरत रहने प्रतिवद्धतासमेत व्यक्त गरे ।

उक्त अवसरमा मुख्यमन्त्री राउतले नवनियुक्त उप कुलपति डा. वैद्यनाथ महतोलाई पद तथा गोपनियताको सपथ ग्रहणसमेत गराएका थिए । सामाजिक विकासमन्त्री नवलकिशोर साहको अध्यक्षतामा भएको उक्त कार्यक्रमामा अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, प्रतिनिधिसभा सदस्य डा. सूर्य नारायण यादव, प्रदेशसभा सदस्य मनिष सुमन, राजविराजका मेयर शम्भु यादवसहितले शुभकामना मन्तब्य राखेका थिए ।

## किसानले मल कहिले ?

राजविराज । मल नपाएको आक्रोशमा सप्तरीका किसानले बुधबार राजविराजमा प्रदर्शन गरेका छन् । उनीहरूले बजार बन्द गर्नुका साथै जिल्ला प्रशासन कार्यालय घेराउ गर्दै घण्टौ नाराबाजीसमेत गरेका थिए । सरकारको स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेडको राजविराजस्थित डिपोमा लाइन बसे पनि मल उपलब्ध नगराएपछि किसानहरू आक्रोशित भएका हुन । एक महिनादेखि खेत जोतेर राखिए पनि मल नपाउँदा गहुं बाली लगाउन नसकेको उनीहरूको गुनासो छ । कृषि सामग्री कम्पनीलगायत आधिकारीक डिलरहरूले मलखाद नदिई कालोबजारी गरेको किसानहरूले आरोप लगाएका छन् । आफूहरू पैसा तिर्न तयार भए पनि मल पाउन मुस्किल भएको भन्दै उनीहरूले अविलम्ब मलको व्यवस्था मिलाउन माग गरेका छन् । तत्कालका लागि किसानको आक्रोश शान्त पारिए पनि सप्तरीमा मागको एक चौथाई पनि मल आपूर्ति हुन सकेको छैन । कम्पनीले सप्तरीका लागि ४ हजार टन युरिया, साढे ३ हजार टन डीएपी तथा ४ सय टन पोटास माग गरेको छ । यद्यपि हालसम्म ७ सय टन युरिया तथा ६५० टन डीएपी मात्रै उपलब्ध गराएको छ ।

# हामी रहरले नयाँ पार्टी खोलेका होइनौं, देशको आवश्यकता हो

मधेश मात्र होइन पूरा देशले हृदयेश त्रिपाठी जस्तो एउटा सक्षम र सुझबुझ भएका नेतृत्वको प्रतिक्षामा थियो । किनभने उहाँ टुट्नु हुन्छ तर झुक्नु हुन्न । उहाँ कहिल्यै पनि मुद्दासँग सम्झौता गर्नुभएन । नेपाली राज्य, समाज, राजनीतिक दलले देशभक्तिपूर्ण भावनालाई निरन्तर विकास गर्नुपर्ने नेताको आवश्यकता छ, जुन हाम्रो हृदयेश त्रिपाठीजी हुनुहुन्छ । त्यसकारणले पहाड, हिमाल र तराई-मधेशका जनताले त्रिपाठीजीलाई एउटा आशाको रूपमा देखेका छन् ।



## इश्वर दयाल मिश्र

### नेता, जनता प्रगतिशील पार्टी, नेपाल

**० स्वतन्त्र राजनीतिक समूह छँदै थियो, यसलाई 'जनता प्रगतिशील पार्टी' मा किन रूपान्तरित गर्नुभयो ?**

– हामीले स्वतन्त्र राजनीतिक समूहलाई नै एउटा राजनीतिक दलको रूपमा रूपान्तरित गरेका छौं । हामीले राजनीतिक समूह गठन गर्दाकै बखत यसलाई एउटा दलको रूपमा परिणत गर्ने भनेका थियौं । त्यसका लागि विभिन्न तयारीहरूको आवश्यकता थियो । हामीले स्वतन्त्र राजनीतिक समूह मार्फत् एउटा राजनीतिक दल बनाउनका लागि लामो समयसम्म बहस र छलफल गर्‍यौं र अहिले ठिक समयमा हामीले दलको रूपमा घोषणा गरेका छौं । हामीले यसलाई दलको रूपमा गठन गर्ने पहिला नै तयारी पूरा गरिसकेका थियौं तर समय परिस्थिति अनुकूल थिएन ।

**० अन्य दलभन्दा यो जनता प्रगतिशील पार्टी कसरी फरक छ ?**

– देशमा राजनीतिक दलको अभाव भएर यो हाम्रो जनता प्रगतिशील पार्टी गठन भएको होइन । अहिलेको अवस्थामा वैचारिक बहस प्रायः शून्य भएको तथा राज्यका तीनवटै अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका प्रवावहीन तथा गतिहीन रहेको अवस्थामा हाम्रा नेता हृदयेश त्रिपाठीको नेतृत्व जनताले महसुस गरेपछि यसको गठन भएको हो । देश र जनता अहिले वैकल्पिक शक्तिको खोजी गरिरहेको अवस्थामा छ । हामी अन्य दलको आलोचना गरेर आफू असल दल साबित गर्ने, अस्वस्थ्य प्रतिस्पर्धामा हाम्रो कुनै रूचि रहने छैन । तसर्थ, अन्य दलप्रति हाम्रो आत्मीय सम्मान रहनेछ ।

**० तपाईंहरूसँग भएका धेरै नेताहरूले अन्य दलहरूमा प्रवेश गरिसकेका छन् नि ?**

– हामीले राजनीतिक समूह गठन गर्दा त्यो कुनै दलको रूपमा थिएन । हामीले त्यो समूह गठन गरी तत्कालीन नेकपा एमालेसँग सम्झौता गरेर चुनावी सहकार्य गरेका थियौं । त्यतिबेला पनि हामी एमालेमा प्रवेश गरेका थिएनौं । हामीले पार्टी घोषणा गर्नुपर्छ भनेर देशभरिबाट शुभेच्छुकहरूले भन्दै आउनुभएको थियो । समूहमा त्यतिबेला देखिएका नेताहरू मात्रै होइन, धेरै जना छन् । यो समूहलाई दलको रूपमा घोषणा गरिसकेपछि धेरै जना हामीसँग जुड्न चाहिरहेका छन् ।

**० तर, तपाईंहरूका सांसद वृजेश गुप्ता दलको घोषणाका बखत देखिनुभएको छैन । अहिलेसम्म उहाँको कुनै प्रतिक्रिया पनि आएको छैन ?**

– हामीले जानकारी पाएअनुसार अहिले उहाँ आफ्नो व्यक्तिगत प्रयोजनका लागि भारतमा हुनुहुन्छ । उहाँ हाम्रो पार्टीमा होइन भनेर भन्नुभएको पनि छैन । हामी यहाँ कुनै व्यक्तिविशेषको कुरा नगरौं । पार्टी भनेको वैचारिक संस्था हो । हाम्रो विचार, सिद्धान्त र एजेन्डा राम्रो छ भने जनताले साथ दिन्छन् । जनता प्रगतिशील पार्टी नेपाल नवीन विचार, व्यवहार र कार्यशैलीका साथ आफ्नो गतिविधिहरू सञ्चालन गर्नेछ । यो अगाडि बढिसक्यो । यो पार्टी अन्यभन्दा फरक हुन्छ । हामीले रहरले पार्टी खोलेका होइनौं । देशमा सयौं राजनीतिक दलहरू छन् । हामीले एक थान पार्टी गठन गर्‍यौं भन्ने होइन ।

**० तपाईंहरूले हतारमा जनता प्रगतिशील पार्टी घोषणा गर्नुभएको हो नि । पार्टीका पदाधिकारीहरू पनि छैन ?**

– हामीले जनता प्रगतिशील पार्टी घोषणाका लागि करिब दुई वर्षदेखि तयारी गरिरहेका थियौं । हामीले विगतमा तत्कालीन स्वतन्त्र राजनीतिक समूहको बैठकहरू पनि गरिरहेका थियौं र पार्टीको संरचना, एजेण्डाबारे गहन छलफल गरिरहेका थियौं । हामीले हतारमा यो पार्टी घोषणा गरेका छैनौं । अहिले पनि हामीले यसका आन्तरिक तयारीमा नै छौं । एउटा दल घोषणा गरेर मात्रै हुँदैन । आफ्नो एजेन्डालाई कसरी स्थापित गराउने, जनताका समस्याहरूको सम्बोधन कसरी हुने, अन्य दलभन्दा कसरी फरक हो भन्ने कुराको वास्तविक अनुभूति दिलाउनका लागि यो दलको गठन भएको हो । हामी चरणबद्धरूपमा काम गर्दै जान्छौं र जनताले त्यसको महसुस पनि गर्नेछ । अब निर्वाचन आयोगमा दर्ता प्रक्रिया अगाडि बढ्छ । पदाधिकारीहरू ठूलो कुरा होइन । नीति, विचार र सिद्धान्त ठूलो कुरा हो । पदाधिकारीको पनि छिट्टै टुंगो लाग्छ ।

**० अहिले चुनावहरू नजिकिएको छ, तपाईंहरूको झण्डा र चुनाव चिन्ह पनि अहिलेसम्म छैन त ?**

– हामीले पार्टी घोषणा गरिसकेपछि अहिले फास्टट्र्याकमा काम गरिरहेका छौं । चुनाव चिन्ह वा झण्डा प्रमुख कुरा होइन, एजेण्डा प्रमुख हो । अहिले मुलुकको वर्तमान परिदृष्यमा दलहरूबीच न्यूनतम् साझा विषयहरूमा राष्ट्रिय सहमतिको नितान्त आवश्यकता छ । यसले नै लिक बाहिर पुगेका राजनीतिलाई पुनः सही बाटोमा ल्याउनेछ र संविधानलाई चलायमान बनाउने छ । त्यसैका लागि यो पार्टी गठन भएको हो । नभए हामी पनि कुनै दलमा प्रवेश गरिहाल्थ्यौं । देश र जनताको आवश्यकता एउटा निडर, साहसी र मुलुकको नेतृत्व गर्न सक्ने राजनेताको छ । त्यो भनेको दूरदर्शी नेता हृदयेश त्रिपाठीजी हुनुहुन्छ । हामीले चुनावमा मात्रै भाग लिनका लागि झण्डा वा चुनाव चिन्ह सार्वजनिक गर्दैनौं । देशको निकासका लागि अहम भूमिका निर्वाह गर्न यो दल खोलिएको हो । हामी आफ्नो योजनाअनुसार अगाडि बढिरहेका छौं ।

**० जनता प्रगतिशील पार्टीले देशको राजनीतिलाई लिकमा ल्याउन सक्ने क्षमता राख्छ त ?**

– हामीले अन्य दललाई गाली गरेर वा आलोचना गरेर आफूलाई असल देखाउन खोज्दैनौं । अन्य दलप्रति हाम्रो आत्मीय सम्मान हुन्छ । मधेश मात्र होइन पूरा देशले हृदयेश त्रिपाठी जस्तो एउटा सक्षम र सुझबुझ भएका नेतृत्वको प्रतिक्षामा थियो । किनभने उहाँ टुट्नु हुन्छ तर झुक्नु हुन्न । उहाँ कहिल्यै पनि मुद्दासँग सम्झौता गर्नुभएन । नेपाली राज्य, समाज, राजनीतिक दलले देशभक्तिपूर्ण भावनालाई निरन्तर विकास गर्नुपर्ने नेताको आवश्यकता छ, जुन हाम्रो हृदयेश त्रिपाठीजी हुनुहुन्छ । त्यसकारणले पहाड, हिमाल र तराई-मधेशका जनताले त्रिपाठीजीलाई एउटा आशाको रूपमा देखेका छन् । हामीले जनता प्रगतिशील पार्टी घोषणा गरेदेखि देशभरिबाट शुभकामनाहरू आइरहेका छन् । हाम्रो पार्टीसँग जुड्नका लागि आमजनता आतुर छन् । हाम्रो पार्टी दर्ता भइसकेपछि हामीले आफ्ना कार्यक्रम लिएर जनताका बीच जान्छौं । त्यसपछि देशभरि हाम्रा एजेन्डा जनताले नै लिएर बढ्नेछन् । हामीले बोलेर होइन, गरेर देखाउँछौं ।

**० अरूभन्दा तपाईंहरूको एजेन्डा कसरी फरक छ त ?**

– अहिलेसम्म हाम्रा अन्नदाता किसानको नाममा हरेक राजनीतिक दलहरूले भ्रातृ संगठन बनाएका छन्, तर हाम्रो लागि किसान भ्रातृ संगठन नभई मातृ संगठन हो । हाम्रो पार्टीले किसानको हक हितलाई मुख्य वर्गी आधारको रूपमा स्वीकार गर्दै खास किसान र कृषि विशेषज्ञ सम्मिलित उच्चस्तरीय कृषि उपज मूल्य निर्धारण आयोग गठन गर्नेछ । अहिले किसान मल पाइरहेका छैनन् । कृषि माथिको लगानीलाई क्रमशः किसानको उत्पादकत्व र आम्दानी वृद्धि गर्न केन्द्रित गर्नुपर्छ । किसानलाई दिने अनुदान प्रणाली प्रभावहीन र भ्रष्टाचारयुक्त रहेको प्रत्यक्ष किसानको खातामा पुग्ने प्रणाली विकसित गर्नुपर्छ । हामीले किसानलाई मूल वर्गको रूपमा पहिचान गरेका छौं । त्यसैले अन्य दलभन्दा हाम्रो पार्टी फरक हो ।

**० तपाईंहरूको पूर्वपार्टी तत्कालीन राजपालाई प्रदेश २ मा सीमित भनेर अलग्गिनुभयो, तपाईंको नवगठित पार्टी पनि त पश्चिमका केही जिल्लामा मात्रै सीमित देखिन्छ नि ?**

– यो कुरा तत्कालका लागि कसैकसैलाई लागेको हुनसक्छ । अब हामी भनेर होइन, गरेर देखाउँछौं । हामीले अरूको आलोचना गरेर समय खेर फाल्नुभन्दा अब केही गरेर हामी देखाउँछौं । हामीले निर्वाचन आयोगमा पार्टी दर्ता गराइसकेपछि नेपालको प्रत्येक जिल्ला-जिल्लामा जान्छौं । केही दिन भित्रै तपाइँहरूले थाहा पाउनु हुनेछ कि हाम्रो जनता प्रगतिशील पार्टी पश्चिममा मात्रै सीमित छ वा देशभरि । हामीले अरूभन्दा फरक हो भनिरहेका छौं र गरेर पनि देखाउँछौं । केही दिनभित्रै जनताले त्यसको अनुभूति गर्न पाउनेछन् । यो दलमा सबै अटाउने गरी संरचना निर्माण गरिन्छ ।

# लोकतान्त्रिक प्रक्रियामा नेपालको रूपान्तरण हुनुपर्छ



## डा.सुरेन्द्र झा

### नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

हाम्रो चाहना भनेको यो संविधानलाई कालजयी बनाउने, सर्वस्वीकार्य बनाउने हो भने संविधान संशोधन आवश्यक छ । संविधान संशोधनको कार्यभार अहिलेकै संसदले पूरा सक्यो भने धेरै राम्रो विषय हुन्थ्यो । यदि गर्न सकेन भने यो विषय हामी फेरि जनतामा लिएर जान्छौं ।

**० लोकतान्त्रिक समाजवादी पार्टीको प्रदेश र जिल्ला अध्यक्षहरू मनोनयन गर्दा विवाद र असन्तुष्टिहरू देखा परिरहेका छन् नि ?**

– लोकतान्त्रिक पार्टीमा विचारधाराहरू हुनु, अपेक्षाहरू हुनु स्वाभाविक प्रक्रिया हो । केही साथीहरू जिम्मेवारीमा पुग्छन्, बाँकी भएका साथीहरूले सघाउनुपर्ने न्यूनतम मर्म र मापदण्डभित्र पर्दछ । त्यसैले, बाहिर हल्ला गरिएजस्तो असन्तुष्टि, विरोधको अवस्था विलकुलै छैन । केही साथीहरूले आफ्ना विचारहरू राखिराख्नुभएको छ । यो त राजनीतिक पाटोभित्रै पर्छ । त्यसैले त्यस्तो विरोधका स्वरहरू सुनिएको अवस्था छैन । आधिकारिक साथीहरूले जुन कुराहरू उठाइरहनुभएको छ, त्यसलाई नेतृत्वले संज्ञानमा लिइरहेको छ ।

**० भनेपछि विवादहरू सामान्य हो ?**

– ठूलो विवाद नै सिर्जना भएको छैन । सामान्य विचारहरू छन् । अहिले जुन किसिमका मनोनयन भएको छ त्यसमा अध्यक्षज्यू, वरिष्ठ नेताहरू जिल्ला-जिल्लामा गई नेता कार्यकर्ताहरूको मनोभावना बुझ्नुभएको छ । त्यसअनुसारले केही साथीहरूलाई केही अभिभारा दिइएको छ । जिल्ला अध्यक्ष, प्रत्येक जिल्लामा एक जना पर्यवेक्षकको मनोनयन गरिएको छ । प्रथम चरणको कार्य सकिने प्रक्रियामा छ । त्यसपछि अन्य जिल्लाहरूको पनि कामहरू हुँदै जान्छ । प्रदेश संरचना खडा गर्नका लागि प्रदेश अध्यक्ष तोक्ने, त्यसपछि पार्टीलाई महाधिवेशनमा जाने हो । यो पार्टीको आन्तरिक जीवनसँग सम्बन्धित विषय हो । कोही साथीलाई मैले अभिभारा पाइनँ भन्ने लागेको होला । ती साथीहरूलाई क्षमता, दक्षता हेरेर भूमिकामा ल्याइन्छ । यसमा कुनै समस्या नै भएन ।

**० तर, प्रदेश २ को अध्यक्षमा मनोनित हुनुभएका पूर्वमन्त्री जीतेन्द्र सोनलप्रति बढी असन्तुष्टिहरू देखिएका छन् नि ?**

– त्यस्तो होइन । सबैभन्दा बढी स्वागत पनि उहाँकै मनोनयनलाई लिएर साथीहरूले गर्नुभएको छ । उहाँ निर्वाचन लडेर प्रदेश २ को संसदीय दलको नेता हुनुभएको छ । त्यो आफैमा पार्टीको जिम्मेवारी हुँदै होइन । जिम्मेवारी भनेको प्रदेश २ को अध्यक्षको भूमिकामा पार्टीले उहाँलाई अगाडि सारेको छ । मधेश आन्दोलन, पार्टीभित्र उहाँको राजनीतिक कद र प्रदेश २ को पूर्वमन्त्रीको रूपमा जुन भूमिका खेल्नुभएको छ, पार्टीले त्यसको मूल्यांकन गरेको छ । पार्टीलाई प्रदेश २ मा थप प्रभावकारी कसरी बनाउने भन्ने सोचले नै उहाँलाई अगाडि सारेको हो । यो सुखद पक्ष हो । उहाँले प्रदेश २ मा संसदीय दलको नेता र पूर्वमन्त्रीको हैसियतले काम गर्नुभएको छ । सबै जिल्लाका साथीहरूसँग उहाँको सम्बन्ध पनि सुमधुर छ । धेरै जिम्मेवारी र थोरै जिम्मेवारीभन्दा पनि अहिलेको परिस्थितिमा राम्रो कसले गर्न सक्छ, कसले डेलिभर गर्न सक्छ, कसको नेतृत्व आवश्यक छ भन्ने कुरा महत्वपूर्ण हो । उहाँ प्रदेश २ को अध्यक्ष हुनुहुन्छ भन्ने बित्तिकै अन्य आदरणीय नेताहरूको पनि उत्तिकै जिम्मेवारी हुनेछ । त्यसैले पार्टीले धेरै सुझबुझका साथ यो निर्णय लिएको छ । यो निर्णय पार्टी हितमा हुन्छ ।

**० जीतेन्द्र सोनललाई केन्द्रीय कार्यकारिणी समितिमा पनि राखिएको छ, अहिले प्रदेश २ को अध्यक्ष र पर्यवेक्षक पनि बनाइयो । यसले एक व्यक्ति एक पदको सिद्धान्तलाई नमानेको देखियो नि ?**

– पहिलो कुरा त पार्टीको विधान जुन नेतृत्व समूहले बनाउनुभएको छ, त्यहीं नेतृत्व समूहले अहिले यी निर्णयहरू लिइरहनुभएको छ । हाम्रो विधानमा के छ भन्ने कुरा त हाम्रो नेतृत्ववर्गलाई थाहै हुन्छ । कतिपय कुराहरू नबुझेर पनि साथीहरूले टिप्पणी गर्नुभएको छ । पर्यवेक्षक भनेको आफैमा राजनीतिक पद होइन । त्यो एउटा अलंकारिक पद मात्रै हो । संसदीय दलको नेता उहाँ निर्वाचन लडेर बन्नुभएको हो । सांसदहरूले उहाँलाई संसदीय दलको नेतामा चयन गर्नुभएको हो । जसको क्षमता, दक्षता छ, जसले काम गर्न सक्छ उसलाई जिम्मेवारी दिँदा पार्टीको अधिकत्तर हितमा योगदान पुग्नेछ भन्ने सोचेर केही साथीहरू दोहोरो भूमिकामा पनि हुन सक्नुहुन्छ । लोकतान्त्रिक समाजवादी पार्टीको आन्तरिक जीवन मात्रै होइन कि सबभन्दा पुरानो पार्टी कांग्रेसलाई हेर्दा लिडरसिप रातारात निर्माण हुँदैन । त्यसैले लिडरसिप निर्माण गर्नका लागि साथीहरूले जिम्मेवारी दिँदा बहन गर्न सक्ने र त्यसको निरन्तरताको पनि आवश्यकता हुन्छ । त्यसअनुरूप लिडरहरू निर्माण हुँदै जाने हो ।

**० लोसपाको अहिले प्रमुख कार्यभार के हो ?**

– हामीले नाम नयाँ, छाप र लेडरहेड नयाँ बनायौं तर यो त पुरानै पार्टी हो नि । यसको केन्द्र, प्रदेशदेखि वडासम्मको संरचना, संगठन र राजनीतिक सिद्धान्त पुरानै छ । त्यसैले यो नयाँ विषय हुँदै होइन । अहिलेको अवस्थामा प्राविधिकरूपमा पार्टीको केन्द्रीय कार्यसमिति, पदाधिकारी, विधान, संरचना, प्रादेशिक, क्षेत्रीय, वडा समितिहरू गठन गर्ने, त्यसअनुसारको संगठन निर्माण गर्ने पहिलो कार्यभार हो । त्यसपछि दोस्रो कार्यभार भनेको राजनीतिक, आर्थिक, सामाजिक एजेन्डाहरूको अगुवाई गरेर हामी अगाडि बढ्नुपर्छ । सबैभन्दा ठूलो विषय भनेको मधेश, थरूहट, आदिवासी जनजाति आन्दोलनको जगमा बनेको यो पार्टीको प्रमुख कार्यभार भनेको आन्दोलनसँग सम्बन्धित चुनौतीहरूलाई सम्बोधनका लागि हामीले वार्ता र सम्वादहरू गरिरहेका छौं । अब निर्वाचनहरू आउने स्थिति छ । निर्वाचनका लागि पनि पार्टीले आफ्नो एजेण्डा, घोषणापत्रसहित जनताको बीचमा जाने जमर्को गरिरहेको छ । अहिले हामी जनमत सिर्जना गर्ने र निर्वाचन भएको खण्डमा अत्यधिक जनसमर्थन हासिल गर्ने नै लक्ष्य हो ।

**० अहिले हरेक राजनीतिक दलहरू निर्वाचन लक्षित कार्यक्रमहरू लिएर जनतामा गइरहेका छन्, तर लोसपाको त्यो किसिमको तयारीमा कमजोरी देखिएको हो नि ?**

– मल्टी पार्टी सिस्टममा आवधिक निर्वाचन हुने ठाउँमा हामी राजनीति गरिरहेका छौं । हाम्रा पार्टीका शीर्षस्थ नेतृत्वहरू वर्षौंदेखि नेपालको राजनीतिमा सक्रिय हुनुहुन्छ । त्यसैले लोसपा निर्वाचनको तयारीमा कमजोर देखिएको भन्ने नै हुँदैन । हामी त सधैं निर्वाचनमुखी हुन्छौं र निर्वाचनका लागि आन्तरिक तयारी गरिरहेकै हुन्छौं । जतिबेला निर्वाचन आयोगले निर्वाचनको घोषणा गर्छ, त्यसपछि हामी पनि जनताको बीचमा जाने हो । हामी पनि त्यसका लागि सचेत छौं, त्यसका लागि काम गरिरहेका छौं, जनमत सिर्जना गरिरहेका छौं । हाम्रा आदरणीय सबै नेताहरू जनताको बीचमा हुनुहुन्छ । त्यसैले हामी उत्तिकै प्रतिस्पर्धी ढंगले अगाडि गइरहेका छौं ।

**० आगामी निर्वाचनमा लोसपाले कोहीसँग सहकार्य वा गठबन्धन गर्छ कि एकलै चुनावमा जान्छ ?**

– हामी राष्ट्रिय पार्टी भएपनि हाम्रो आधारक्षेत्र तराई-मधेश नै हो । तराई-मधेशमा खासगरी जुन तीन-तीन वटा मधेश विद्रोह भएका छन्, त्यससँग सम्बन्धित एजेण्डा र सवालहरूमा हामीले अन्तरपार्टी संवाद पनि गरेका छौं । अहिलेको संविधानको स्थायी प्रतिपक्षीको रूपमा लोकतान्त्रिक समाजवादी पार्टी रहेको छ । यो संविधान निर्माण हुँदै गर्दा हामीले भनेका थियौं कि यसमा विभिन्न त्रुटि र समस्याहरू छन् । त्यो आज उजागर भएर आएको छ । त्यसैले हाम्रो चाहना भनेको यो संविधानलाई कालजयी बनाउने, सर्वस्वीकार्य बनाउने हो भने संविधान संशोधन आवश्यक छ । संविधान संशोधनको कार्यभार अहिलेकै संसदले पूरा सक्यो भने धेरै राम्रो विषय हुन्थ्यो । यदि गर्न सकेन भने यो विषय हामी फेरि जनतामा लिएर जान्छौं ।

**० संविधान संशोधनको मुद्दा लिएर लोसपा आगामी निर्वाचनमा जान्छ ?**

– संविधान संशोधन भनेको हाम्रो एजेण्डाको रूपमा रहिआएको छ । किनभने यो कार्यभार पूरा हुन सकेको छैन । अर्को कुरा समावेशीको जुन परिकल्पना हामीले गरेका छौं, त्यसलाई हामीले अगाडि बढाउँछौं । लोकतान्त्रिक समाजवाद, अधिकार सम्पन्न पहिचानसहितको संघीय राज्यहरूको जुन हामीले परिकल्पना गरेका छौं यी सबै कुराहरूलाई परिष्कृत ढंगले अगाडि बढाउनुपर्ने आवश्यकता छ । देशभरिका अधिकारविहीन नागरिकहरूको आवाजलाई बुलन्द बनाउन लोकतान्त्रिक समाजवादी पार्टी अगाडि बढ्छ । लोकतान्त्रिक प्रक्रियामा नेपालको रूपान्तरण हुनुपर्छ ।

# जनता प्रगतिशील पार्टीको राजनीतिक दस्तावेज

### प्रारम्भ

राजकीय सत्ता र सार्वभौम सत्ताको स्रोत नेपाली जनता हुन । यो निर्विवाद छ । यो वर्तमान संविधानको सबैभन्दा बहुमूल्य उपलब्धि हो । इतिहासको विभिन्न चरणमा नेपाली जनताद्वारा गरिएको आन्दोलन, त्याग, बलिदान र संघर्षबाट प्राप्त उपलब्धिको रक्षा गर्नु, सुदृढीकरण गर्नु र समयानुकूल विकास गर्दै लैजानु वर्तमान पुस्ताको महत्वपूर्ण कार्यभार हो ।

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक पहिचान भएको मुलुक हो । यो विविधता मुलुकको अपार सम्पति हो, अजेय शक्ति हो । यही शक्तिपुंजले नै नेपालको सर्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता रक्षा गर्न सक्छ । समस्त नेपाली जनताको एकताबाट मात्र हाम्रो शक्ति सुदृढ हुन सक्छ । तर आज पर्यन्त यस शक्तिपुंजको भरपूर उपयोग र प्रयोग हुन दिइएको छैन । देश सधैं अधुरो प्रतिज्ञाको सिकार रह्यो ।

नेपालको संविधान-२०७२ को प्रस्तावना सर्वग्राह्य छ । यसले वर्तमान नेपाली समाजको यथार्थ र चुनौतिलाई प्रतिबिम्बित गरेको छ र देशमा बिध्यमान सबै प्रकारको विभेदको अन्त्य गर्दै समानतमा आधारित समाज तथा समाजवादको पूर्वाधार निर्माण गर्न यसले अठोट गरेको छ । तर यस विषयमा गम्भीरतापूर्वक न त राजनीतिक, न प्राज्ञिक पक्षबाट विचार बहस छलफल हुन सकेको छैन । संविधानको प्रस्तावनाका मूल भावनालाई कतिपय धाराहरूले अनुशरण गर्न सकेका छैनन ।

यद्यपि संविधान सभाको मंचबाट संविधानको घोषणा गरिएको भएपनि संविधान जारी गर्ने तत्कालीन राजनीतिक शक्तिहरूमा संविधानप्रतिको स्वामित्व क्रमशः घटदो रहेको विभिन्न घटनाहरूले पुष्टि गरेका छन । संविधान निर्माताहरू वर्तमान राजनीतिक परिदृश्यमा छिन्नभिन्न भएका छन–सांगठनिक रूपले र बैचारिक तथा व्याख्याको दृष्टिकोणबाट पनि । फलतः संविधानले आत्मसात् गरेको शक्ति पृथक्किकरणको सिद्धान्त क्रमशः क्षय हुदैछ । संविधान यथार्थमा घाइते हुदैछ । व्यवस्थापिका, कार्यपालिका र सर्वोच्च अदालत बीचको जटिल, सीमा उल्लंघन गर्ने, परस्पर अविश्वासलाई बढ़ावा दिदै तिक्त बन्दै छ । यो अशुभ संकेत हो । संविधान जारी हुँदाका बखतको राजनीतिक परिदृश्यलाई सुक्ष्म विश्लेषण गर्ने हो हो भने यही शक्ति बाँडफाँडको क्रियालाई पहिलो प्राथमिकतामा राखी कतिपय अनिच्छुक परिवर्तनलाई तत्कालमा स्वीकार गर्ने प्रवृतिले प्रमुखता पायो । अतः संविधानलाई कतिपयले वाध्यतावस, कतिपयले आवश्यकता अनुसार र कतिपयले आंशिक रूपमा स्वीकार गरे । फलतः संविधान कतिपय कमजोरी र त्रुटि सहित जारी गरियो । जारी गर्ने शक्तिहरूको मनोविज्ञान आज परिवर्तित देखिन्छ र संविधानको कतिपय महत्वपूर्ण उपलब्धिप्रति उदासीनता प्रकट गरिन्छ । जसले संविधानको स्वामित्वलाई थप चुनौतीपूर्ण बनाएको छ । संविधान कार्यान्वयन गर्नका लागि कतिपय परस्पर विरोधी प्रावधानलाई संबैधानिक रूपले सच्याउनु पर्दछ ।

संविधान सभा देशका विविध आन्दोलन लोकतान्त्रिक गणतन्त्रका लागि माओवादी र संसदवादी दलहरूको सामाजिक न्याय र विभेद अन्त्यका लागि भएका मधेशी, आदिवासी-जनजाति, थारू, मुस्लिम, दलित, महिला, युवा-विद्यार्थी, किसान-मजदूर, पिछडावर्ग, वादी लगायतका आन्दोलनको समष्टिको प्रतिफल हो । केही भावनाले संविधानमा स्थान पाए । केही विकृत स्वरूपमा लेखियो र केहीलाई बहुमतको बलमा अस्वीकार गरियो । राज्यको पुनर्संरचना महत्वपूर्ण र सर्वाधिक बहस गरिएको विषय हो । फगत भौगोलिक पुनरसंरचना भयो, तर यथार्थमा राज्यको पुनरसंरचना हुन सकेन, जसको असर वर्तमान अवस्थामा स्पष्ट देखिन्छ । विरासतमा प्राप्त राज्य संयन्त्र हालसम्म कायम छ । यही नै परिवर्तनलाई सार्थक बनाउन तगारोको रूपमा उभिएको छ ।

### वर्ग प्रतिनिधित्वको सवाल

देशका अधिकांश राजनीतिक दलहरू समाजका विविध वर्गलाई आफ्नो आधारभूत वर्गको रूपमा अंगालेको देखिन्छ । केही सर्वहाराको प्रतिनिधित्वको दावी गर्छन । कोही शहरिया मध्यम वर्गको प्रतिनिधि पात्रको रूपमा उपस्थित छन । बिडम्बना, आधुनिक नेपाली राज्य स्थापना भएदेखि देशको कुल जनसंख्याको ६५ प्रतिशत भन्दा बढ़ी किसानको हकहितको प्रतिनिधित्व गरेको पाइदैन । किसानलाई इमानदार करदाता र भलादमी मतदाताको रूपमा दल र राज्यले लिएको छ । किसान भाग्यविधाता, अन्नदाता र इमानदार करदाता हुन । दशकौंदेखि भैरहेको कृषि माथिको लगानी कर्मकाण्डी छ । यथार्थमा त्यो किसान माथिको लगानी होइन । सबै उत्पादनकर्ताले आफ्नो उत्पादनको मूल्य स्वयम् निर्धारण गर्ने गर्छन, किसान बाहेक । किसानले कृषिमा श्रम तथा अन्य सम्पूर्ण लगानी आफैले गर्छन, तर आफ्नै उत्पादनको मूल्य किसानको नियंत्रण बाहिर छ । विचौलियाले मुल्य तोक्छन, मूल्य शृंखलामा सिर्जना हुने लाभको ठुलो हिस्सा अरूको हिस्सामा पर्छ, किसानलाई लागत उठाउंन पनि हम्मेहम्मे हुन्छ । जसले गर्दा किसान आफ्नो पेसा प्रति उदासीन हुदै छन र कृषि निर्वाहमुखी पेसा हुन गएको छ ।

कृषि उत्पादन वृद्धि नहुनुमा सिंचाई तथा मलबीउको अभावको कारण बाहेक किसानले आफ्नो उत्पादनको मूल्य आफूले निर्धारण गर्न नपाउनु पनि हो । उचित मूल्य नपाउँदा किसानहरू उत्पादकत्व र उत्पादन वृद्धिमा लगानी गर्न सकेका छैनन् । फलस्वरूप अर्बौं रूपैयाँको खाद्य पदार्थको पैठारी भइरहेको छ ।

हामीले प्रस्ताव गरेको नयाँ दलले किसानको हक हितलाई मुख्य वर्गीय आधारको रूपमा स्वीकार गर्दै खास किसान र कृषि विशेषज्ञ सम्मिलित उच्च स्तरीय कृषि उपज मूल्य निर्धारण आयोग गठन गर्नेछ । आयोगको सिफारिसमा न्यूनतम समर्थन मूल्य निर्धारण गरिनेछ । सो मूल्य भन्दा बढीमा बजारमा उपज बिकेमा किसानले बजारमा विक्री गर्न स्वतन्त्र हुनेछन् । यदि बजार मूल्य कम भएमा किसानले समर्थन मूल्यमा सरकारलाई बेच्न सक्नेछन् र सरकारले खरिद गर्ने छ । यदि किसानले बजार मूल्य बढे पछि बजारमा बेच्न पाउने हक सुरक्षित राखी सरकारबाट समर्थन मूल्य बराबरको रकम लिएर उपजको सुरक्षित भण्डार गर्न चाहन्छन् भने त्यस्तो सुविधा पनि दिइने छ । किसानले बेच्ने बेलामा सरकारलाई समर्थन मुल्यको रकम फिर्ता गरेर आफ्नो उपज बजारलाई डेलिभरी गर्न पाउने छन् । यस्तो व्यवस्था संस्थागत गर्न हाम्रो दल संघर्षरत रहने प्रण गर्दछ ।

कृषि माथिको लगानीलाई क्रमशः किसानको उत्पादकत्व र आम्दानी वृद्धि गर्न केन्द्रित गर्नु पर्छ । कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २६ प्रतिशत रहेको अवस्थामा कृषि क्षेत्रको लागि कर्जा प्रवाह १० प्रतिशतमा सीमित रहनु र कतिपय गैर कृषि कार्यलाई समेत कृषिमै सुचिकृत गरी कर्जाको गणना गर्नाले राज्यको नकारात्मक रवैयालाई उद्घाटित गर्दछ र बैंकिंग प्रणालीले कृषिलाई उपेक्षित क्षेत्र मानेको पुनर्पुष्टि हुन्छ । यसमा आमूल सुधारको आवश्यकता छ । किसानलाई दिने अनुदान प्रणाली प्राभावहीन र भ्रष्टाचारयुक्त रहेकोले प्रत्यक्ष किसानको खातामा पुग्ने प्रणाली विकसित गर्नु पर्दछ । किसान कुनैपनि भातृ संगठनका लागि होइन । यी मातृशक्ति हुन भने मान्यतालाई स्विकार्दै यो दलले किसानलाई मूल वर्गको रूपमा पहिचान गरेको छ ।

### राष्ट्रवाद / देशभक्ति

विगतदेखि नेपाली राजनीतिको केन्द्रबिन्दुकोरूपमा राष्ट्रवाद रहेको छ । देशभक्तिले खास चर्चा पाएन । राष्ट्रवादले अमुक विषय वा शक्तिलाई शत्रु मानी उत्पन्न हुने भावना हो । यो सिर्जनात्मकता भन्दा पनि भावुकता प्रधान हुने गर्दछ तर देशभक्ति त्याग, बलिदान माग गर्दछ र सकारात्मक उर्जा सहितको उत्तरदायित्व र जबाफदेहीपनको बोध गराउँछ । समान भूगोल, समान संस्कृति-परम्परा, समान अर्थप्रणाली र समान मनोविज्ञानमा आबद्ध जनतालाई राष्ट्रको परिभाषाको रूपमा लिने गरिन्छ । वामपन्थी वा पाश्चात्य दुबै शास्त्रको परिभाषा अनुसार - देशभक्ति र राष्ट्रवादको परीक्षण द्वितीय विश्व युद्धमा सोभियत रूस र हिटलरले नेतृत्व गरेको जर्मनीले गरेका थिए । जर्मनीले राष्ट्रवादको नाममा युद्ध लड्यो र युद्ध भन्दा पहिलेनै नाजीवादको नाममा आन्तरिक रूपमा यहुदी, कम्युनिस्ट, सोसलिस्ट, लोकतन्त्रवादीलाई क्रमशः दमन गर्दै जर्मन समाजलाई कमजोर गर्यो, जबकी सोभियत रूस देशभक्तिपूर्ण युद्धको रूपमा चुनौती स्वीकार गर्यो । वस्तुतः नेपाली राज्य, समाज, राजनीतिक दलले देशभक्तिपूर्ण भावनालाई निरन्तर विकास गर्नुपर्ने आवश्यकता छ ।

### विभेद

नेपालको संविधानले देशमा विभेद रहेको तथ्यलाई स्विकार्दै यसको निराकरणका लागि समानुपातिक, समावेसी सिद्धान्त, आरक्षण लगायत विभिन्न उपायहरूको अवलम्बन गर्न संवैधानिक व्यवस्था गरेको छ । दुर्भाग्यवस यसको सही कार्यान्वयन गरिएको छैन । जसले गर्दा विविध असन्तुष्टी देखा परेका छन् । कतिपय स्थानमा संविधान नै अस्पष्ट भने कतिपय विषयमा आवश्यक कानुन निर्माण हुन सकेको छैन ।

विभेदले समाज, राज्य र देशलाई कमजोर बनाउँछ र राष्ट्रिय एकताको पवित्र लक्ष्यलाई जटिल बनाउँछ । मधेशको सवाल होस् वा आदिवासी, थारू, जनजाति, मुस्लिम, महिला, कर्णाली दुर्गममा दलितको सवाल होस्, जबसम्म यी समस्या देशको समस्या हो भनेर स्वीकार गरिंदैन । यो प्रकृयाथप पेचिलो र जटिल बन्दै जान्छ । विभेदको अन्त्य नै राष्ट्रिय एकताको आधारशिला हो ।

विभेदका विरूद्ध निर्माण भएका मधेश केन्द्रित दलहरूको वैचारिक धरातल कमजोर छ र यी दलहरू २ नम्बर प्रदेशमा मात्र सीमित भएका छन् । चुनावी तालमेल गर्ने, चुनावमा भाग लिने तर अन्य प्रदेशमा बहिष्कार गर्ने कलाविहीन नाटक गरी पटकपटक एकीकरण, विभाजन गर्दै गरेका हुनाले विभेद विरूद्धको आन्दोलन विकृत हुन पुगेको छ । र, प्रदेश नम्बर २ मा मधेशी समुदाय एक इकाईको रूपमा स्थापित भैसकेको मान्यता क्रमशः खण्डित हुँदै नेताहरूको कुत्सित प्रयास र बढ़ावाले गर्दा जातिवादी भावाना बढ्दो छ । नयाँ विचारले यो चुनौतिको सामना गर्नुपर्ने छ ।

राष्ट्रिय दलहरूले विविध सामाजिक समूहले भोगेका विभेदको निराकरण तत्तत् सामाजिक समूहको दायित्व मानी उदासीन व्यवहार र कार्य गरेकाले स्थिति थप जटिल बन्दै छ । फलतः कुनै पनि दल समग्र नेपाली समाजको हित, आकांक्षा र भावनालाई प्रतिनिधित्व गर्न चुकेको वर्तमान अवस्थामा सबैको भावना आकांक्षा मुखरित र प्रतिनिधित्व गर्ने राजनीतिक दलको आवश्यकतालाई परिपूर्ति गर्न यो नयाँ दलको निर्माण भएको हो ।

### अदालत कि न्यायालय

नेपालको संविधानले अंगिकार गरेको न्यायप्रणालीमा अदालतलाई स्थान दिइएको छ । यस विषयमा दुई सिद्धान्त छन्–एउटा अदालत र अर्को न्यायलयको सिद्धान्त । अदालतले मुद्दाको एकथान फैसला मात्र दिए पुग्छ । न्यायालयले ढिलो भएपनि न्याय दिने गर्दछ । न्यायाधीशले न्यायलाई अधिनमा राख्न उद्धत हुन्छ भने न्यायमूर्ति समभावका साथ निष्पक्ष तटस्थ न्याय सम्पादन गर्दछ ।

यस सिद्धान्तलाई अंगिकार गर्दै देशको न्याय प्रणालीमा आमूल सुधारको आवश्यकता छ ।

### संघीयता

देश विविधतायुक्त रहेकाले बहुलताको सिद्धान्त अन्तर्गत संघीयता स्थापित भएको हो । यथार्थमा नेपाली समाजको बनावट नै संघीय छ । संघीयता विविधतालाई एक सूत्रमा बाध्ने महत्वपूर्ण औजार हो । यसले सद्भाव, समानता र प्रेमको भावलाई बढावा दिन्छ । भौगोलिक पुनर्संरचना भएको तर राज्यको यथार्थ पुनर्संरचना नभएकोले नै संघियाता माथि विभिन्न कोणबाट प्रहार गरिँदै छ । संघीयताको शाश्वत मूल्य मान्यता र सिद्धान्तलाई इन्कार गरी विकृत संघीयताको निर्माण गरेकोले तथा सदियौंदेखि एकात्मक निरङ्कुश शासन प्रणालीमा अभ्यस्त रहेकाले पनि एकल राज्यका पक्षधरहरूबाट संघीयता माथिको प्रहारलाई तिनका पीडाका रूपमा बुझ्न सकिन्छ । फोहोर अनुहारमा छ भने ऐना पुछेर फोहोर जादैन । विकृत संघीयताको संचालनले आलोचनालाई आमन्त्रण गर्छ नै, राज्यको बनावटको कारणले दिएको असमान प्रतिफलले संघियताको आवश्यकतालाई थप बल प्रदान गरेको छ । विविधताको सम्बोधन "मिलेर" गर्ने वा "निलेर" गर्ने महत्वपूर्ण प्रश्न हो । "मिलेर" गर्दा देश र समाज सबल हुन्छ र "निलेर" गर्दा कमजोर हुन्छ र विद्रोह उत्पन्न हुन सक्ने आधार निर्माण हुन्छ । तसर्थ मुलुकको विविधतालाई सम्बोधन गर्न सार्थक संघीयताको कार्यान्वयन एक मात्र सही उपाय हो ।

### धर्म र संस्कृति

राज्य प्रणालीको संचालन संविधानबाट हुन्छ । त्यसैले संविधानमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन, संचालन विधिको व्यवस्था गरिएको हुन्छ । तर समाज र देशको संचालन संविधानले मात्र होइन, परम्परा, रीतिरिवाज, संस्कृति, धर्म आदिको गहिरो प्रभावबाट हुने गर्दछ ।

नेपाली समाज मुख्यतः हिन्दू बाहुल्य समाज हो । हिन्दू धर्म मात्र होइन कि एउटा सभ्यता नै हो. र यो सनातन मान्यतालाई बोकेको छ । अन्य धर्म प्रति सहिष्णुता र सम्मान राख्दै मौलिक धर्म र संस्कृति, रीतिरिवाज, परम्पराको पालना नेपाली समाजको मूल विशेषता हो ।

### निजामती प्रशासन

स्थायी सरकारको रूपमा रहेको निजामती प्रशासन गठन, वितरण र पुनर्संरचना संविधान जारी भएपछि हुनुपर्ने उच्चस्तरीय प्रशासन सुधार आयोगको गठन गर्ने कार्य नभएकोले पनि विभिन्न तदर्थवादको शिकार भएको छ । हचुवा र मनोमानीपूर्ण समायोजनले पनि कर्मचारीहरूको मनोबललाई आघात पुर्याएको छ ।

निजामती प्रशासनको बनावट र वितरण पनि त्रुटिपूर्ण छ । प्रशासन समूहको बाहुल्यता रहेकोले प्राविधिक लगायतका अन्य समूहका कर्मचारीको उपस्थिति आवश्यकता भन्दा न्यून छ । यसले विकास खर्चलाई प्रत्यक्ष प्रभाव परेको छ भने वृत्ति विकासको प्रश्न पनि जटिल भएको छ ।




त्रुटिपूर्ण र बलपूर्वक समायोजनले कर्मचारी प्रशासनलाई असुरक्षित मात्र बनाएको छैन । अपितु सेवाग्राहीको कार्यमा पनि नकारात्मक असर पुर्याएको छ ।

कथित राष्ट्रिय सहमतिका नाममा संवैधानिक निकायमा हुने गरेको दलीय, गुटगत भागबन्डाले ती निकायहरूलाई प्रभावकारी बनाउन सकेको छैन । तसर्थ संविधानको भावना र व्यवस्था अनुरूप समग्र निजामती प्रशासन र संवैधानिक निकायको नियुक्ति, पदस्थापनमा आमूल पुनर्संरचनाको आवश्यकता छ अन्यथा कुनै पनि सरकार लोकप्रिय हुन सक्दैन र जनतामा उचित सेवा पुग्न सक्दैन ।

### भ्रष्टाचार, आर्थिक अनुशासन र सुशासन

सुशासनको अभावमा भ्रष्टाचारजन्य क्रियाकलाप निरन्तर बढ्दो छ । निर्णय र क्रियाकलापमा पारदर्शिताको अभावमा भ्रष्टाचार हुने जोखिम बढी हुन्छ । अँध्यारोमा फोहोर नदेखिए जस्तै अपारदर्शितामा यो फोहोर क्रियाकलापमा बढोत्तरी भएको पाइन्छ । यो कारणले जनताको विकासको रकम माथि खुलेआम डकैती हो भ्रष्टाचारजन्य कार्य, यसलाई नियन्त्रण गर्ने संवैधानिक निकायको नियुक्ति दलीय भागबन्डाको आधारमा हुने भएकोले सो निकायको प्रतिशोधात्मक कार्य पनि उत्तिकै निन्दनीय छ । अख्तियारका एकजना प्रमुख जो माथि महाभियोग लगाइयो, तिनका क्रियाकलाप सर्वदा प्रतिशोधात्मक र अझै भ्रष्टाचारमा लिप्त रहेको तथ्य उजागर भएकोले सो संस्थाको मर्यादा समेतमा नकारात्मक प्रभाव पारेको सर्वविदित छ ।

नेपालको सन्दर्भमा संसदको सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको विभाग र लेखा परीक्षण प्रतिवेदन आर्थिक अनुशासन कायम गराउन मा प्रभावकारी साबित भएको छ । जबाफदेहिता र उत्तरदायित्व पालना गराउनमा राज्यका अन्य अंगहरूको पनी प्रभावकारी भूमिका अपेक्षित छ ।

संविधानले यथार्थमा तीन तहको निर्वाचन प्रणालीको विश्लेषण गर्ने हो भने संघ र प्रदेशमा संसदीय निर्वाचन प्रणाली रहेको छ भने स्थानीय तहमा राष्ट्रपतीय निर्वाचन प्रणालीको अभ्यास पाइन्छ । जहा आम मतदाताद्वारा प्रत्यक्ष रूपले स्थानीय निकायको पदाधिकारीको निर्वाचन हुने गर्दछ । तीनै तहको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट सम्पन्न हुने संवैधानिक प्रावधान छ । संघ र प्रदेश तहमा मलेप प्रतिवेदनको छलफल र निश्कर्ष तथा निर्णय प्रतिनिधि सभा र प्रदेश सभाको सार्वजनिक लेखा समितिबाट हुने गर्दछ, तर स्थानीय तहको सन्दर्भमा शून्यताको अवस्था रहेकोले सो को लागि एउटा भरपर्दो प्रभावकारी संरचनाको अभाव छ । स्थानीय तहमा प्रादेशिक सार्वजनिक लेखा समितिको संयोजकत्वमा जिल्ला समन्वय प्रमुख र महालेखाले तोकेको व्यक्ति सदस्य रहने गरी निर्माण गर्न उपयुक्त हुनेछ । सोको सचिवको काम जिल्ला समन्वय अधिकारीले गर्ने तथा जिल्ला समन्वय कार्यालय सचिवालयाको जिम्मेवारी बहन गर्ने छ ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार स्थानीय तहको बेरूजू र आर्थिक अनुशासनहिनता क्रमशः बढ्दो छ र गम्भीर प्रकृतिको छ । यसरि नै कायम रहने हो भने जनप्रतिनिधि प्रतिको विश्वास खण्डित हुने र अन्ततः प्रणाली माथि नै नकारात्मक प्रभाव पर्न सक्ने स्थिति उत्पन्न हुन सक्दछ ।

### नागरिकता

नागरिकताको विषयलाई सदैव विवादास्पद विषयको रूपमा चित्रित गर्ने कोशिश गरिएको छ । किस्ता किस्तामा यस विषयलाई समाधान गर्ने प्रयत्न भए पनि यो राज्यको दायित्व हो वा व्यक्तिको यसमा सधैं द्विविधा देखिन्छ । यथार्थमा यो राज्यको मूल दायित्व हो कि नागरिकको पहिचान गरी नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने तर दुर्भाग्य, यस मनोविज्ञान अनुसार कार्य गरेको पाइएन ।

नेपालको संविधानको धारा १० को उपधारा (१) ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरिने छैन भनिएको छ । धारा ११ को उपधारा (३) ले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानलाई वंशजको आधारमा र धारा ११ को उपधारा (५) ले नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको सन्तानलाई संघीयकानुन बमोजिम वंशजको आधारमा नागरिकता दिने व्यवस्था भएपनि कानूनको अभावमा त्यसता व्यक्तिहरू संविधानले दिएको अधिकारबाट वञ्चित भई दुष्कर जीवनयापन गर्न विवश छन् ।

धारा ११ को उपधारा ३ अनुसार केही प्रयास भएपनि सर्वोच्च अदालतको निर्णयबाट पुन थप जटिल बनाइयो । संविधानमा रहेको स्पष्ट व्यवस्था अनुरूपको अध्यादेशलाई खारेज गर्ने सर्वोच्च अदालतको निर्णयको प्रेरणाको स्रोत आश्चर्यको विषय बनेको छ । संविधान कार्यान्वयनको लागि उपरोक्त धारा उपधाराको कार्यान्वयन उत्तिकै महत्वपुर्ण छ ।

### युवा शक्ति–उर्जावान शक्ति

हालसम्म भएका सम्पूर्ण संघर्ष, आन्दोलनमा नेपाली युवाशक्तिको निर्णायक भूमिका रहेको छ । युवा सहभागिता र सक्रियता बेगर यो परिवर्तन सम्भव थिएन तर परिवर्तन पश्चात् युवाको भूमिका र सहभागिता प्रायः न्यून रहने गरेको छ । वस्तुतः अपनत्वको भावमा कमी रहँदै क्रमशः उदासीनता तर्फ युवा वर्ग मोडिन पुग्दछ । राजनीतिमा युवा सहभागिता उच्च नभई यो क्षेत्र उर्जावान बन्न सक्दैन र आशावादी पनि, परिवर्तन संस्थागत हुन नसक्नुको एउटा कारण यो पनि हो ।

उर्जाशील युवा–समुन्नत नेपाल, यो यथार्थ पक्षलाई यो दलले विशेष प्राथमिकता दिन्छ । निजामती सेवामा योग्य क्षमतावान युवा किन आकर्षित हुन सकेनन् ? यस प्रश्नको उत्तरले राज्यसँग युवा जोडिने महत्वपूर्ण कडी साबित हुनेछ । राजनीति र राज्य प्रति युवा उदासीनता शुभ संकेत होइन तसर्थ उर्जाशील युवा वर्ग राज्यसँग जोडिने वातावरण निर्माण गर्न यस दलले विशेष कार्ययोजना सहित उपस्थित हुने छ । युवा आन्दोलन वा निर्वाचनको मेशिनरीका कच्चा पदार्थ होइनन्, समुन्नत, समृद्ध नेपालका बाहक र आधारशिला हुन् ।

### मानव विकास–स्वास्थ्य, शिक्षा र सबैलाई सम्मानित जीवनको समान अवसर

मुलुकको समृद्धिको निर्धारक तत्व मानव सम्पत्तिको गुणस्तर हो । स्वस्थ र शिक्षित मानव-शक्ति राष्ट्रको सम्पत्ति हो, यो निजी सम्पत्ति होइन । परिवारको आर्थिक स्थितिको आधारमा स्वास्थ्य र शिक्षा माथिको पहुँचमा हुने फरकले राष्ट्रिय विकासको लक्ष्यलाई नै घात गर्छ । आधारभूत स्वास्थ्यमाथि सबैको सहज पहुँच हुनु पर्छ र निःशुल्क हुनुपर्छ । उच्च माध्यमिक विद्यालय तहसम्मको शिक्षा सबैको लागि आवश्यक हुन्छ । यो अनिवार्य हुनुपर्छ र निःशुल्क शिक्षा र स्वास्थ्यमा गरिने खर्च उपभोग-खर्च होइन, यो उत्पादनशील सम्पत्तिको सिर्जनामा हुने लगानी हो भन्ने दृष्टिकोण लिइने छ ।

### नदी प्रणालीको व्यवस्थापन र ऊर्जा सुरक्षा

नेपालका हिमश्रृंखलाहरू र नदी प्रणाली नवीकरणीय उर्जाका स्रोत हुन् । हिमश्रृंखलाको संरक्षण, नदी प्रणालीको उचित व्यवस्थापनले मुलुकलाई उर्जा सुरक्षा त प्राप्त हुन्छ नै, खानेपानी र सिंचाईको लागि पनि दिगो स्रोत हुन्छ । यो बहुआयामिक दृष्टिकोण लिएर जलस्रोतको व्यवस्थापन गरिनेछ । उत्पादित उर्जाको आन्तरिक खपत वृद्धि गर्ने मूल दृष्टिकोण लिएर आयोजनाहरू संचालन गरिनेछन ।

### पर्यावरण

नेपाल बहुमूल्य जैविक विविधता र विभिन्न प्रकृतिका परिस्थितिकीय प्रणाली भएको मुलुक हो । यिनको संरक्षण र उचित व्यवस्थापन प्राथमिकतामा रहने छ । पर्यावरणीय तथा प्राकृतिक जोखिमलाई थप गम्भीर बनाउने गरी मानवीय गतिविधि निषेध गर्नु अनिवार्य हुन्छ । रोक्न नसकिने प्राकृतिक जोखिमबाट क्षति कम गर्न पुर्व सूचना प्रणाली र सुरक्षित रहने उपायहरूको अवलम्बन विकास नीतिको अभिन्न अंग रहने छ ।

### परराष्ट्र नीति

नेपाल विश्वका सम्पूर्ण देशहरूसित सुमधुर र मैत्रीपूर्ण सम्बन्धको पक्षमा रहदै आएको छ । संयुक्त राष्ट्र संघ लगायत विश्वका अन्य संगठनमा सकृय भूमिका निर्वाह गर्दै आएको छ । तथापि अन्तरराष्ट्रिय सम्बन्धमा नेपालको परराष्ट्र नीतिको विचलन पटकपटक प्रकट भएको छ । राजनीतिक शक्तिहरूबीचको राष्ट्रिय सहमतिको अभावमा यस प्रकारको विचलन देखिएको हो । तसर्थ मूलभूत विषयहरूमा राष्ट्रिय सहमतिको निर्माण गर्न पहल गर्न यस दलले उच्च प्राथमिकता दिने छ ।

विश्व राजनीतिमा निरन्तर देखा पर्ने परिवर्तनबाट अछुत रहन सकिन्न तथा छिमेकी भारत र चीनसँगको सम्बन्धलाई अत्यधिक महत्व दिनु पर्दछ । नेपाल भारत खुला सिमाना कुनै सन्धि सम्झौता अन्तर्गत नभई दुई देशका जनताले निर्माण गरेको ऐतिहासिक सम्बन्धको प्रतिफल हो । यसलाई नेपाली जनताको व्यापक हितमा प्रयोग गरिनु दूरदर्शी र वस्तुगत कूटनीतिको सहारा लिइनु पर्दछ ।

बहुराष्ट्रिय संस्थाहरूसंग नेपालको संलग्नता राष्ट्रिय स्वार्थको रक्षाका आधारमा हुनेछ । नेपाल पक्ष भएका सन्धि सम्झौताको परिपालना र कार्यान्वयनको निरन्तर समिक्षा गरी मुलुकको हितलाई केन्द्रमा राखी सम्झौताहरूको पुनरावलोकन गरिनेछ । परराष्ट्र नीतिको महत्वपूर्ण पक्ष आर्थिक सबलीकरण हुनेछ । यसका लागि द्विपक्षीय व्यापार,लगानी प्रवर्धन, दोहोरो कर उन्मुक्ति सम्झौताहरूका सम्बन्धमा हाम्रो कार्यदिशा स्पष्ट गरी तदनुरूप सम्झौता गरिनेछ ।

नेपालीपनको हित रक्षा–नेपाली जहाँ रहेपनि नेपालको परराष्ट्र नीतिले सम्बोधन गर्न सक्नुपर्छ भन्ने मान्यता रहनेछ ।

### अर्थ-राजनीति

हामीले जस्तो सुकै उत्कृष्ट राजनीतिक प्रणाली अवलम्बन गरे पनि, जति सुकै लोकतन्त्र वा स्वतन्त्रताको कुरा गरेपनि आम नागरिकले आफूलाइ प्राप्त राजनीतिक अधिकार र स्वतन्त्रताको उपभोग गर्न र त्यसबाट लाभ लिन तब मात्र सक्छ जब उ आर्थिकरूपमा सबल हुन्छ ।

त्यसैले अल्पविकसित, विपन्न समाजमा लोकतान्त्रिक अधिकारहरूको निर्वाध प्रयोग सम्पन्न/सम्भ्रान्त वर्गले गर्छन्, बहुसंख्यक विपन्न वर्ग शासित मात्र रहन्छन् । सार्वजनिक सँस्थाहरूमा सीमित सम्भ्रान्त वर्गको एक किसिमले पारिवारिक पकड हुन्छ । बाबुपछि छोरा, छोरी वा बुहारीमा नेतृत्व/शक्ति हस्तान्तरण हुन्छ ।

आम नागरिकको आर्थिक सबलीकरण नगरिकन, राजनीतिक उपलब्धिहरूको संरक्षण र नागरिकको हितका निमित्त प्रयोग गर्न नसकिने भएकाले हाम्रो दलले आर्थिक सबलीकरणलाई उच्च महत्व दिन्छ ।

समाजवाद एक राजनीतिक-आर्थिक प्रणाली हो, जसले पुँजीवादका असंगतिलाई निषेध गर्दछ । उत्पादन र वितरण प्रणालीमा सबैको समान पहुँच दिन प्रयत्न गर्दछ । यसले सबै प्रकारको विभेदबाट मुक्ति दिलाउने मानवतावादी लोककल्याणकारी राज्यको कल्पना गर्दछ ।

आर्थिक विभेद र विपन्नताको चुरो तत्व नबुझिकन लिईने विकास नीति र संचालन गरिने योजना तथा कार्यक्रमले समस्यालाई सुल्झाउनुको साटो झन् बल्झाउँछ भन्ने विषय लोकतान्त्रिक नेपालको तीस वर्षको अनुभवले देखाएको छ । हाम्रो पार्टीले विभेद र विपन्नताको मूल कारण अवसरमाथि समान पहुँच र अवसर तथा प्रतिफलको समान वितरण हुन नसक्नु नै हो भन्ने ठान्दछ ।

अवसरमाथि समान पहुँच हुन नसक्नुमा संरचनागत तथा नीतिगत (खास गरी हालसम्म अवलम्बन गरिएका आर्थिक नीतिहरूमा) समस्याहरू रहेका छन् । संक्षेपमा व्याख्या गर्दा भौतिक पूर्वाधारको उपलब्धता तथा गुणस्तरमा फरक परेका कारण सिरहाको कुनै गाउँको एउटा परिवारले प्राप्त गर्ने आर्थिक अवसर बिराटनगरको परिवारले प्राप्त गर्ने अवसर भन्दा धेरै कमसल हुन्छ । खोटांगको कुनै गाउँको परिवार र काठमाडौँको परिवारबीच यस्तै फरक हुन्छ । अवसरमाथि समान पहुँचका अवरोधहरू भौतिक पूर्वाधार, वित्तीय पहुँच, शिक्षा तथा सीपमा फरक र स्वास्थ्य सेवामा उपलब्धता र गुणस्तरमा फरक हुनु हो । यस बाहेक सामाजिक विश्वास, सम्बन्ध, रितिरिवाजले पनि समान अवसरको अवरोधको रूपमा काम गर्छन । जबसम्म आर्थिक नीति तथा कार्यक्रमहरूले यी अवरोधहरूलाई कम गर्ने प्रयत्न गर्दैनन्, तबसम्म समानुपातिक तथा समतामुलक समृद्धि सम्भव छैन ।

यदि अवसरको समान वितरण भएन भने स्वाभाविक रूपमा समान पहुँच हुने कुरै भएन । उदाहरणको लागि समान पहुँच सुनिश्चित गर्न भैरहवा र काठमाडौंको भौतिक पूर्वाधार, वित्तिय पहुँच, शिक्षा र स्वास्थ्य सेवाको स्तरमा खासै अन्तर नहोला तर अवसर माथिको पहुँचको दृष्टिकोणले काठमाडौं जति सहज छ, भैरहवा त्यति पक्कै छैन । यो फरक बजारलाई कुनै मार्गदर्शन बेगर अनियन्त्रित आफ्नै दिशामा चल्न छोडिदिएको कारणले उत्पन्न हुन्छ । बजारले स्वाभाविक रूपमा अधिक प्रतिफल खोज्छ, नाफा खोज्छ र जनघनत्वले दिने फाइदा बारे बजार बेखबर हुने कुरै भएन । अवसरमाथि पहुँचका लागि आवश्यक पूर्वाधार समान हुँदा हुँदै पनि बजारले लिने दृष्टिकोणका कारण समतामुलक विकास समृद्धिमा अवरोध आइराखेको हुन्छ । अवसरको समान प्राप्तिका लागि बजारमाथि हस्तक्षेप आवश्यक पर्दछ र यहाँ निर राज्यको सन्तुलित तर ठोस उपस्थिति आवश्यक पर्छ । यस्तो उपस्थिति जसले बजारलाई विकृत हुन नदेओस, यसका असल पक्षको संरक्षण गरोस तर विकृतिहरू माथि निर्ममता पुर्वक प्रहार गरोस ।

अवसरको प्राप्ति र पहुँचमा रहेका विभेद कम गरे पनि यदि प्रतिफलमा असमानता रह्यो भने त्यसले पनि आर्थिक विभेद सिर्जना गर्छ र समतामुलक विकास हुन दिदैन । प्रतिफलको विभेद भन्नाले मुलतः उत्पादनका साधनहरू श्रम, पूंजी, शीप र प्रविधिले पाउने परिणाममा आउने अन्तर बुझ्नु पर्दछ । उदाहरणका लागि महोत्तरीको एउटा गाउँमा उत्कृष्ट शीप सहित काम गर्ने डकर्मीले एक घण्टामा जति ज्याला कमाउँछ, त्यसको सम्भवत दोब्बर काठमाडौँमा काम गर्ने डकर्मीले आम्दानी गर्दछ । सम्पत्तिको भाडामा होस्, श्रमको ज्यालामा होस् वा सीपको पारिश्रमिकमा होस् वा उद्धमशीलताको प्रतिफलमा होस्, स्थान वा समुदाय वा अन्य मानवीय स्वरूप अनुसार विभेद हुनाले प्रतिफलमा फरक पर्छ । एकै स्थानमा समान कामको लागि पनि महिला र पुरूष बीच पारिश्रमिकमा अन्तर वा जातीय आधारमा अन्तर प्रतिफलको वितरणमा विभेदका उदाहरणहरू हुन् ।

प्रतिफलमा फरक पर्नुका कतिपय विषय जटिल र समाधान फेला पार्न गाह्रो पर्ने खालका हुन्छन् । उदाहरणको लागि, कृषिमा लगाएको समय, श्रम र लगानीको प्रतिफलको तुलनामा बैंक तथा वित्तिय सेवामा त्यत्तिकै समय, श्रम र लगानीको प्रतिफल अत्यधिक देखिएको छ । उन्नत प्रविधिको प्रयोगले प्रतिफलमा अन्तर ल्याउँछ । र, यदि प्रविधिमाथि पहुँच कम्जोर रह्यो भने स्वाभाविक रूपमा प्रतिफलमा अन्तर आउँछ । असल, लक्षित र परिणाममुखी हस्तक्षेपकारी राजकीय नीतिहरूले यस्ता जटिल समस्यालाई पनि समाधान गर्न सकिन्छ भनेर हाम्रो पार्टी विश्वास गर्दछ ।

माथि उल्लेख गरिएका विषयलाई प्रत्यक्ष रूपमा प्रभावित गर्ने र विभेदलाई झन् चर्को बनाउने दुइवटा थप विषयहरू छन् ।

मानवीय गतिविधि र प्राकृतिक कारणले कतिपय समुदायहरू अरू सबै कुरा समान हुँदा हुँदै पनि उच्च जोखिममा हुन्छन् । बाढी, पहिरो, चक्रवात, महामारी केही उदाहरण हुन् । यस्ता घटनाले आर्थिक गतिविधि मात्र होइन, समस्त जीवननै अवरूद्ध हुन्छ । जलवायु परिवर्तनले कृषि तथा प्राकृतिक स्रोतमा आधारित उद्धम संकटमा परेको छ । मानवीय गतिविधिले बजार असफल हुँदा सबभन्दा पहिले मारमा पर्ने सिमान्त वर्ग नै हुन्छ । त्यसैले जोखिम प्रतिरोधी विकासको ढाँचा र संकट परेकोको बेला संकट-कवचको प्रवन्ध आर्थिक नीतिहरूको अभिन्न अंग हुन जरूरी छ । दोस्रो विषय हो, शासकीय क्षमता र व्यवहार । यदि उपलब्ध वित्तिय साधनको परिणाममुखी परिचालन गर्ने संस्थागत क्षमता राज्यसँग भएन र स्रोत माथि केही सीमित वर्गको रजगज हुन् पुग्यो भने कुनै आर्थिक अभिष्ट पुरा हुन सक्दैनन् । त्यसैले वित्तिय उत्तरदायित्वयुक्त शासन एकदम जरूरी हुन्छ ।हाम्रो पार्टीले आर्थिक अवसरको उपलब्धता तथा पहुँच, प्रतिफलको न्यायोचित तथा समानुपातिक वितरण, जोखिमको न्यूनीकरण तथा जोखिमका परिणाम विरूद्ध संरक्षण र वित्तीय उत्तरदायित्व तथा गुणस्तरयुक्त सेवा-प्रवाहलाई केन्द्रविन्दुमा राखी आफ्ना आर्थिक नीति तथा कार्यक्रमहरू संचालन गर्ने छ । मूलतः नीति तथा कार्यक्रमको वृहत्तर स्वरूप यसप्रकार हुनेछः

१. गुणस्तरयुक्त भौतिक पूर्वाधारको विस्तार तथा नियमित सम्भारमा ध्यान दिने ।

२. आधारभूत स्वास्थ्य तथा उच्च-माध्यमिक विद्यालय शिक्षा सबैलाई निशुल्क गर्ने र आधारभूत शिक्षा अनिवार्य गर्ने ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम सर्वसुलभ तुल्याउने, विपन्न परिवारका व्यक्तिलाई र फरक वा कमजोर शारीरिक क्षमता भएका व्यक्तिलाई उनीहरूको रूची अनुसारको तालीम निशुल्क उपलब्ध गराउने ।

४. वित्तिय पहुँचमा रहेका विकृतिहरू अन्त्य गर्ने र व्याजदरको खुला बजार प्रकृयामा समयानुकुल वित्तीय तथा मौद्रिक औजारको प्रयोग गरेर मार्गनिर्देशन गर्ने ।

५. संचार तथा इन्टरनेटको पहुँच विस्तार गर्ने र यसको लागत कम गर्ने ।

६. कृषि र कृषकको संरक्षण गर्ने गरी सार्वजनिक खर्च र करका नीतिहरू लागू गर्ने । यसका लागि कृषि उत्पादनको बजारमा उत्पादक-कृषकको लाभको हिस्सा अधिकतम तुल्याउन आपूर्ति शृंखलामा कृषकको पकड बलियो बनाउन आवश्यक पूर्वाधारमा लगानी विस्तार गर्ने । कृषकको उत्पादनको मूल्य-प्रत्याभूति गर्ने ।

७. उर्जाको मूल्य क्रमिक रूपमा कम गर्दै लैजाने र कृषि प्रयोजनका लागि लागत मुल्यमा उर्जा उपलब्ध गराउने ।

८. अन्तराष्ट्रिय व्यापारको लागत कम गर्न नेपालका सीमावर्ती मुलुकहरूसँगको भौतिक पूर्वाधारमा सुधार तथा परस्पर सामन्जस्य हुने प्रकृया स्थापित गर्ने ।

९. नीजी लगानी, सम्पत्ति तथा प्रतिफलको सुरक्षाको प्रत्याभूति गर्ने । व्यापारिक/व्यावसायिक विचलनको निगरानी तथा कारवाही प्रभावकारी बनाउने ।

१०. ठुला पूर्वाधार आयोजना तथा राष्ट्रिय महत्वका रणनीतिक उद्योगमा सार्वजनिक-नीजी साझेदारी लागु गर्ने ।

११. पर्यावरणीय दृष्टिकोणले महत्वपूर्ण भौगोलिक क्षेत्रको संरक्षण गर्ने ।

१२. जलवायु परिवर्तनको दुष्प्रभाव कम गर्न तथा पर्यावरणीय सन्तुलन कायम गर्न हरियाली संरक्षणलाई जोड दिने ।

१३. सबै परिवारलाई सुरक्षित आवास उपलब्ध गराउन वित्तीय प्रवन्ध सहितको कार्यक्रम संचालन गर्ने । सफा, सुरक्षित र योजनावद्ध शहरी विकास गर्ने ।

१४. वित्तीय उत्तरदायित्वको संरक्षण र प्रवर्धन गर्ने निकायहरूको सबलीकरण गर्ने ।

१५. स्थानीय विकास र प्रशासनका लागि संघिय प्रणालीलाई शसक्त बनाउदै बढी से बढी आर्थिक आधिकार प्रदेश र प्रदेश मार्फत स्थानीय तहलाई दिने ।

१६. उत्पादनको लागतमा न्यून प्रभाव पर्ने गरी प्रगतिशील कर प्रणाली लागु गर्ने, करका दरहरू र कर परिपालनालाई सरलीकरण गर्ने ।

१७. नागरिकले दैनन्दिनी रूपमा सरकारबाट लिने सेवालाई अनलाइन उपलब्ध गराउदै जाने ।

# प्रदेश २ : शक्ति अथवा अनियमितताको प्रयोगशाला ?



**राकेश प्रसाद चौधरी**

संघीयताको असल र कमसल पक्षबारे चर्चा र विश्लेषण गर्दा प्रदेश २ को सम्बोधन आवश्यक नै हुन्छ । संघ अथवा स्थानीय सरकरको शक्तिको प्रयोग र परीक्षणको अभ्यासले प्रदेशमा पार्ने प्रभावको भन्दा पनि प्रदेशमा भइरहेको स्थायी सत्ताको शक्ति परीक्षणको चर्चा ग्रामिण क्षेत्रसम्म हुनेगर्छ ।

महोत्तरीको मटिहानी रंगशाला उद्घाटन समारोहमा मंसिरको पहिलो हप्ता प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष अवसर र चुनौतीबारे सार्वजनिक रूपमा आफ्ना कुरा राखेका थिए ।

प्रदेशभित्रको शान्ति सुरक्षाको जिम्मेवारी, प्रहरी र निजामति कर्मचारी ऐन बनाइएपनि अझैसम्म कार्यान्वयन अथवा अर्को अर्थमा भन्ने हो भने शक्तिको परीक्षण गर्न नपाएको दुखेसो मुख्यमन्त्रीको थियो । राष्ट्रपति समक्ष उनले प्रदेशभित्र संचालित बेटी बचाउ, बेटी पढाउ कार्यक्रमबारे मौखिक रूपमा राम्रै प्रस्तुती दिन भ्याए । हुन त विभिन्न संचारमाध्यममा यो कार्यक्रमसँग सम्बन्धित अनियमितताबारे चर्चा हुन छोडेको छैन । यसै कार्यक्रममा भएको अनियमितताको छानविनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पाइला मुख्यमन्त्री कार्यालयसम्म पुगेको थियो ।

समारोहमा सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले मुख्यमन्त्रीको मौखिक प्रस्तुतीमध्ये बेटी बचाउ र बेटी पढाउ कार्यक्रमले महिला उत्पीडन कम हुनेमा आशा व्यक्त गरेकी थिइन् । उनले तराई क्षेत्रमा रहेको अन्धविश्वास, कुरिती, बोक्सीको नाममा हुने अपराध, जातीय उत्पीडन, बाढीले हुने जनधनको क्षति , चुरेको क्षय, सुख्खासहितका विषयमा चिन्ता व्यक्त गर्दै सबै पक्षले चाँसो लिनुपर्ने धारणा राखेकी थिइन् । कृषिमा आधुनिकीकरण एवं व्यवसायीकरण तथा पर्यटन र शिक्षाको केन्द्रको रूपमा विकास गर्नसके यो क्षेत्रमा आर्थिक समृद्धि आउने विश्वास राष्ट्रपतिको छ ।

प्रदेश २ मा मात्र नभई तराई क्षेत्रमा बसोबास गर्ने नागरिकको आर्थिक र सामाजिक स्तरोन्नतीका लागि चिन्ता सबै पक्षले लिनु स्वभाविक हो । त्यहीं यो चिन्ता दूर गर्ने चाँसो लिने सरोकारवालाहरूको कमी रहेको देखिन्छ । तराई मधेश समृद्ध हुन्छ भन्ने विश्वास यहाँबाट अधिकारको लागि राजनीति गर्नेलाई अझैसम्म हुनसकेको छैन ।

चुरेको क्षय गर्ने यहाँका सम्पूर्ण राजनीति दलको मौनता नै देखिन्छ, महिलासँग हुने अपराधमा 'पंचायती' गरेर उन्मुक्ति दिनेमा राजनीति दलको नाम नै जोडिन्छ किनभने कार्यकर्ता र भोटको राजनीति गर्नेले अधिकारको कुरा मात्र गर्छन भन्ने कथ्य ग्रामिणक्षेत्रसम्म नै स्थापित छ ।

तराई मधेश क्षेत्रमा २०५० सालसम्ममा भएको सडक पूर्वाधार विकास, शान्ति सुरक्षा, कृषि क्रान्तिबारे सीमापारीका भारतीय चर्चा मात्र गर्दैन्थे सरसमान किन्न र घुम्न आइरहन्थे । अहिले अवस्था उल्टो छ । सीमावर्ती भारतको विहार राज्य अथवा उत्तर प्रदेश राज्यमा भइरहेको आर्थिक र सामाजिक क्रान्तिको चर्चा तराई मधेशको गाउँ गाउँमा छ ।

सयकडा पाँच रूपैयाँसम्म भएपनि खर्चेर भारतीय रूपैयाँ खरिद गरी राशनपानी किन्ने नेपालीको लर्को सीमावर्ती बजारमा हेर्न सकिन्छ । हुन त सरकारीस्तरबाट भारतीय रूपैयाँको खरिद गर्न १५ पैसा मात्र तिर्नुपर्छ तर त्यहाँसम्म सीमामा बस्ने नेपालीको पहुँच हुन सकेको छैन ।

माओवादी द्वन्द्वको बेला बन्द भएको नेपाल राष्ट्र बैंक र अन्य बैंकको सीमा सटही काउन्टर अझैसम्म सुचारू हुन सकेको छैन । दैनिक करौडौं रूपैयाँको क्षति व्यहोर्ने सामान्य तराई मधेशका नागरिकबारे काठमाडौंलाई चिन्ता छैन र अधिकारको राजनीति गर्ने समथर भूभागका नेताहरूलाई कुनै चाँसो छैन ।

संघीय एवं प्रदेश सांसदको बजेट कुनै ठूलो योजनामा लगानी भएको देखिएको छैन । सकभर उपभोक्ता समितिमार्फत हुने किसिमले बजेट खर्चिने गरिएको छ । त्यसमा पनि नयाँ-नयाँ मठ मन्दिर, मस्जिद, गुम्बा, चर्चमा निकै बढी लगानी छ । धार्मिक क्रियाकलापमा मतदातालाई लठ्ठाएर सधैंभरि दोस्रो दर्जाका सत्ताधारीको रूपमा शासन गरिरहनु शक्तिको प्रयोगशालाको एउटा नमूना हो ।

अनियमितताबारे कुनै व्यक्ति अथवा निकायले प्रश्न गरेको खण्डमा 'तिमी म भन्दा ठूलो भ्रष्टाचारी' भन्दै संस्थागत तर्फ लाग्नु मुख्य चिन्ताको विषय हो । पालिकाहरूका पदाधिकारीको हकमा शक्तिको अधिकत्तम् प्रयोग भएपनि नागरिकले यस कार्यलाई चरम दुरूपयोगकै रूपमा बुझ्ने गर्छन् ।

रोजगारीको सिर्जना नभएपछि यस क्षेत्रबाट दैनिक सयौं युवाहरू निकृष्ट श्रम गर्न जग्गाजमिन बेचर, बन्धक राखेर, साहुसँग सयकडा पाँचको दरले ऋण उठाएर विदेश पलायन भइरहेका छन् । खेती गर्नेहरू समयमा बीउ र मल पाउँदैनन् । वातावरणीय प्रभावका कारण समयमै वर्षा हुँदैन, कुसमयमा बाढी आउँछ र किसानको सम्पूर्ण लगानी खेर जाने गर्छ । कृषि बीमा, अन्न सुरक्षाको विषयमा ठूला ठूला होटलमा चर्चा भएपनि बास्तविक सरोकारवाला किसानसँग कहिल्यै परामर्श नै हुँदैन ।

खाद्यान्न परनिर्भरता बढ्दै छ । भारतमा निर्यात गर्ने तराई मधेशका नागरिक अहिले भरतीय बजारमा पाइने चामल, दाल र तरकारीमा निर्भर हुन थालेका छन् । एक दिनका लागि भारतीय सिमाना बन्द हुँदा तराई मधेशका बजारमा तरकारीको अभाव हुने र मूल्यबृद्धि हुने गर्छ ।

यस क्षेत्रमा तरकारीको मूल्य निर्धारण गर्ने अनौपचारिक अधिकार भारतीय व्यापारीको हातमा पुगिसकेको छ । राजनीतिक भाषणमा तराईलाई कृषिको अन्न भण्डारको रूपमा चर्चा गरिए पनि अवस्था फेरिएको छ । स्थानीय सरकार पनि किसानहरूको हकमा अनियमितताको प्रयोगशाला नै बनिसकेको छ ।

केन्द्र सरकारजस्तै प्रदेश २ लाई प्रदेश र पालिका सरकारहरूले अनियमितिताको प्रयोगशालाको रूपमा प्रयोग गर्न थालेपछि नागरिकमा व्यापक निराशा छ । मटिहानी रंगशाला उद्घाटन समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको सम्बोधन यहाँका राजनीतिकर्मी र नागरिकलाई ऐनाजस्तै लागेको हुनसक्छ । नेपाल भारत सिमाना छुट्याउने दशगजाको छेउमा निर्मित रंगशालामा राष्ट्रपतिले दिएको सम्बोधनले तराई मधेशवासीको उन्नति र समृद्धि सीमापारी भारतीयजस्तै होस् भन्ने कामना मात्र गर्न सकिन्छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।
२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।
३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।
४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।



- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## मधेश अपडेट

### शिक्षा र स्वास्थ्य अझै पनि आमजनताको पहुँच बाहिर : पूर्वउपप्रधानमन्त्री यादव

महोत्तरी । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले शिक्षा र स्वास्थ्य सेवा अझै पनि आमजनताको पहुँच बाहिर रहेको बताएका छन् । महोत्तरीको रामगोपालपुर नपा ९ स्थित जानकी एकेडेमिक हस्पिटल प्रा.लि. को उद्घाटन गर्दै अध्यक्ष यादवले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको यस भागका जनतालाई सुलभ र विश्वसनीय सेवा उपलब्ध गराउने विश्वास व्यक्त गरेका हुन् । सरकारले समेट्न नसकेको ग्रामीण भेगमा स्थापना भएको यो अस्पतालले जनताको स्वास्थ्य उपचारमा सहज पहुँचको चाहना पूरा गर्नेमा आफू बिस्वश्त रहेको उनको कथन थियो । कार्यक्रमका विशिस्ट अतिथि प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले २०० बेडको यो अस्पतालले यस भेगको जनताको स्वास्थ्य क्षेत्रमा अतुलनीय योगदान पुर्याउने विश्वास व्यक्त गर्दै स्वास्थ्य उपचारलाई सस्तो र सर्बसुलभ बनाउन सुझाव दिए । अस्पतालका संचालक समेत रहेका पूर्वस्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्र यादवको अध्यक्षता भएको कार्यक्रममा जसपा नेपालका प्रदेश २ अध्यक्ष तथा संघीय सांसद रामबाबु यादव, आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत साह, सामाजिक विकासमन्त्री नवल किशोर साह, पूर्वकृषिमन्त्री हरिनारायण यादव, प्रदेश सदस्य कौशल यादव, संजय यादव लगायतका विभिन्न पार्टीका नेताहरूको उपस्थिति रहेको थियो ।

### अस्पतालजन्य फोहोर व्यवस्थापन केन्द्र

वीरगन्ज । वीरगन्ज महानगरपालिकाले अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि ६ करोड २२ लाख रूपैयाँमा 'ग्रीन हस्पिटल वेस्ट म्यानेजमेन्ट सेन्टर'को निर्माण गरेको छ । मध्य तराईको मेडिकल हब बन्दै गरेको वीरगन्जमा यसअघि अस्पतालजन्य फोहोर अन्य फोहोरसँगै विसर्जन गरिन्थ्यो । वीरगन्ज महानगरपालिकाका मेयर विजय कुमार सरावगीले फोहोर व्यवस्थापन केन्द्रको सोमबार उद्घाटन गरे । महानगरपालिका योजना शाखाका इन्जिनियर प्रकाश अधिकारीका अनुसार कोरोना अवधिमा पनि चुनौतीपूर्ण प्रोजेक्टको रूपमा काम अगाडि बढाइएको थियो । महानगरपालिकामा दैनिक ४.७ मेट्रिक टन अस्पतालजन्य फोहोर निस्किन्छ । जसमध्ये २.७ मेट्रिक टन फोहोर विषाक्त हुने गरेको छ । महानगरपालिकाका अनुसार महानगरले आफ्नै लगानीमा वीरगन्ज- १६ नगवामा फोहोर विसर्जन केन्द्रको स्थापना गरेको हो । अस्पतालजन्य फोहोर संकलनका लागि दुईवटा मिनी ट्रकसमेत खरिद गरिएको छ । ल्यान्ड फिल्ड साइटका ठेकेदारलाई नै केही समय अस्पतालजन्य फोहोर विसर्जन केन्द्र सञ्चालनको जिम्मा दिइने र पछि निजी साझेदारी अन्तर्गत ठेक्का लगाउने मेयर सरावगीले बताए ।

### 'तमलोपा' निर्वाचन आयोगमा दर्ता

जनकपुरधाम । तराई मधेश लोकतान्त्रिक पार्टी निर्वाचन आयोगमा पुनः दर्ता भएको छ । रविशंकर कुमार कर्ण नेतृत्वको समूहले निर्वाचन आयोगमा नयाँ दल दर्ताका लागि गरेको हस्ताक्षर सनाखत भएपछि आयोगले तराई मधेश लोकतान्त्रिक पार्टीलाई छुट्टै दलको रूपमा दर्ता गरेको हो । तराई मधेश लोकतान्त्रिक पार्टी नामक राजनीतिक दललाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन आयोगमा दर्ता गर्ने गरी आयोगबाट मंसिर ९ गते निर्णय भएकोले दल दर्ताको प्रमाणपत्र दिइएको आयोगका सचिव गोकर्णमणि दुवाडीले जानकारी दिए । कर्णले गत साउन १२ गते नयाँ दल दर्ताका लागि आयोगमा निवेदन दिएका थिए । त्यसका लागि निर्वाचन आयोगले प्रमाणपत्र हस्तान्तरण गर्न बोलाएको थियो । तराई मधेश लोकतान्त्रिक पार्टीको केन्द्रीय कार्यालय जनकपुरधाममा रहने छ । त्यस्तै, पार्टीको केन्द्रीय समिति २१ सदस्यीय रहने छ । चुनाव चिह्न कलश तथा पार्टीको झण्डामा माथिको आधा भाग केसरिया र आधा हरियो रंग रहेको छ । आयोगमा यस दलको दर्ता नम्बर १७५ रहेको छ । यसअघि नेपाली कांग्रेस परित्याग गरेर मधेश आन्दोलनमा लागेका महन्थ ठाकुरले तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) दर्ता गराएका थिए ।

### कपिलवस्तुबाट १७ प्रतिनिधि निर्विरोध निर्वाचित

इमरान खान, कपिलवस्तु । नेकपा (माओवादी केन्द्र) लुम्बिनी प्रदेशमा २१७ सदस्य निर्विरोध निर्वाचित भएका छन् । प्रदेश राजधानी देउखुरीको राप्ती गाउँपालिका वडा नम्बर २ लालमटियामा भएको प्रदेश सम्मेलनको बन्दसत्रबाट २१७ सदस्यीय समिति निर्विरोध भएको हो । समितिको सोमबार ८ बजे बस्ने बैठकले पदाधिकारी चयन गरेको छ । अहिले केन्द्रीय समितिमा रहेकाहरू प्रदेशमा नबस्ने सहमति भएपछि साबिक प्रदेशकै सदस्यबाट पदाधिकारी बन्ने छन् । कपिलवस्तुबाट नेकपा माओवादी केन्द्रको लुम्बिनी प्रदेश कमिटीमा १७ प्रतिनिधि सर्वसम्मत रूपमा निर्वाचित भएको माओवादी केन्द्र लुम्बिनी प्रदेश सदस्य एवं लुम्बिनी प्रदेशको आर्थिक मामिला तथा सहकारी राज्य मन्त्री सुष्मा यादवले जानकारी दिइन् । मन्त्री सुष्मा यादव सहित रूद्रलाल बन्जाडे, रामचन्द्र शाहा(बिष्णु), सत्यनारायण त्रीपाठी, सुकै थारू, अर्जुन प्रसाद सापकोटा, बिजय प्रकाश जैसवाल, करम बहादुर यादव, जनि बन्जाडे, कमला भुसाल, विमला दहित, उमा बि.क, रण बहादुर परियार, धन बहादुर यादव, नारायण प्रसाद भुसाल गरि मुस्लिम समुदाय बाट, मौलाना मशहूद खां नेपाली, हजरत अलि मुसलमान प्रतिनिधि छनौटमा परेका हुन् ।

### धनगढीमा जसपाको कार्यालय स्थापना

कैलाली । सुदूरपश्चिमको धनगढीमा जनता समाजवादी पार्टी नेपालको कार्यालय स्थापना भएको छ । धनगढी उपमहानगरपालिका-२ स्थित मिलन चोकमा जसपाले पार्टी कार्यालयमा उद्घाटन गरिएको छ । जसपाकी कार्यकारिणी सदस्य एवं संगठन शुद्धिकरण अभियान सुदूरपश्चिम संयोजक दुर्गा सोबले पार्टी कार्यालयको उद्घाटन गरेकी हुन् ।

### शहरी विकासमन्त्री झाक्रीलाई स्वागत

महोत्तरी । शहरी विकास मन्त्री रामकुमारी झाक्रीलाई मटिहानी नगरपालिकामा स्वागत गरिएको छ । मटिहानी नगरपालिका भ्रमणका लागि बुधबार विहान आइपुगेकी झाक्रीलाई स्वागत गरिएको हो । भ्रमणको क्रममा मन्त्री झाक्रीले लक्ष्मीनारायण मठ मटिहानीमा दर्शन एवं पूजा गरेकी छन् । साथै उँहाले ऐतिहासिक एवं पौराणिक लक्ष्मीसागर पोखरीको भ्रमण अवलोकन गरिन् । उनी मटिहानी आइपुग्दा नगरपालिकाका मेयर हरि प्रसाद मण्डलले स्वागत गरेका थिए । यसैगरी, उनलाई अतिथि गृहमा मेयर मण्डलले दोसल्ला एवं मायाको चिनो प्रदान गरी सम्मान गरेका थिए । त्यस क्रममा शहरी विकास मंत्रायलका सचिव मनीराम गेलाललाई समेत सम्मान गरिएको थियो ।

### रामजानकी हनुमान मन्दिर शिलान्यास

कपिलवस्तु । लुम्बिनी सांस्कृतिक नगरपालिकाले वडा न.१ मा श्रीरामजानकी हनुमान मंदिर निर्माणका लागि एक भव्य समारोहका बीच शिलान्यास कार्यक्रम सम्पन्न गरेको छ । शिलान्यास राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष तथा प्रमुख अतिथि गणेश प्रसाद तिमिल्सिनाले गरेका हुन् । एक विगहा एक कट्ठा क्षेत्रफलमा रू. ५ करोड ४८ लाख ७४ हजार ४९ को लागतमा संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ६५ प्रतिशत रकम र नगरपालिकाको ३५ प्रतिशत रकम सहभागिताको लगानीमा सो मन्दिर एक वर्ष ६ महिनामा तयार गरिने योजना रहेको बताइएको छ । यसमा मूख्य रूपमा रामजानकी हनुमान मंदिर निर्माण गरिनेछ, जुन २ हजार वर्ग फिटमा रहनेछ । धर्मशाला, क्यान्टिन, बाउण्ड्रीवाल, जलाशय र चर्पी निर्माण गरिनुका साथै सो स्थानमा माटो पुर्ने कार्य गरिनेछ । यस कार्यको ठेक्का यसै मंसीर महिना १५ गते स्विकार भएर निर्माणका लागि ठेकदार कम्पनीसित सहमति भइसकेको नगरपालिकाका इन्जिनियर राजेश कोहारले बताए । शिलान्यासका लागि लुम्बिनी स्थित मायादेवी पोखरीबाट जल भरेर शुरू भएको कलश यात्रा नगर परिक्रमा गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिका वडा न.१ स्थित खुनगाइं भगवानपुरमा निर्धारित मन्दिर परिसरमा सो शिलान्यास गरिएको हो । यसका लागि भारतको अयोध्याबाट राम जन्मभूमिको पवित्र माटो र सिताराम नामक ईटा समेत ल्याइएको थियो ।

### स्वास्थ्य अनुसन्धान परिषद्को इकाई कार्यालय उद्घाटन

जनकपुरधाम, २६ मंसिर । प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले नेपाल स्वास्थ्य अनुसन्धान परिष्द इकाइ कार्यालयको उद्घाटन गरेका छन् । धनुषाको सपहीस्थित प्रदेश स्वास्थ्य निर्देशनालयको प्राङ्गणमा निर्मित अनुसन्धान परिषद्को भवनसहित कार्यालयको मुख्यमन्त्री राउतले उद्घाटन गरेका हुन् । उक्त अवसरमा मुख्यमन्त्री राउतले प्रदेशमा अनुसन्धान परिषदको इकाई कार्यालय स्थापनाहुनु स्वागत योग्य रहेको बताए । परिषद्ले समय समयमा देखा पर्ने रोगहरूको अनुसन्धान गर्दै उपचारमा सहयोग पुर्‍याउने विश्वाससमेत उनले व्यक्त गर्दै परिषद्लाई आवश्यक पर्ने हरेक प्रकारको सहयोग गर्न प्रदेश सरकार तयार रहने प्रतिवद्धता पनि व्यक्त गरे । परिषद्का अध्यक्ष प्रा. डा. गेहनाथ बरालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. राम केवल साह, प्रदेशसभा सदस्य राम अशिष यादव, स्वास्थ्य निर्देशनालय प्रमुख विजय कुमार झा, प्रादेशिक अस्पतालका प्रमुख डा. प्रमोद यादव, जसपा जिल्ला अध्यक्ष पशुपति यादव, लक्ष्मीनियाँ गाउँपालिका अध्यक्ष विन्देश्वर यादवसहितको उपस्थिति रहेको थियो ।

# रेशम चौधरीकी श्रीमतीको राजनीतिक प्रतिवेदन

**रन्जिता श्रेष्ठ चौधरी**

दाजुभाइ तथा दिदीबहिनीहरू,

म यसै मञ्चबाट सोध्न चाहन्छु, मेरो श्रीमान मा. रेशम चौधरी घर फर्किने दिन कहिले हो ? ३४,३४१ मत दिने टीकापुरका जनताको सेवा गर्ने दिन कहिले हो ? आफ्ना जनतासँग मञ्चबाट अधिकारको भाषण गर्न पाउने दिन कहिले हो ? आज उहाँको निर्वासन र जेल जीवनसमेत जोड्ने हो भने करिब सात वर्ष भइसक्यो । टीकापुर राजबन्दीहरूको अवस्था दिन प्रति दिन दयनीयमाथि झन् दयनीय हुँदैछ । हामी सम्बद्ध नेताहरूले पनि हाम्रा पीडालाई सटही बस्तुमात्रै बनाउन खोजे कि भन्ने भाव हुन्छ । नभए समस्या निराकरणतर्फ तिनको ध्यान किन गइरहेको छैन ? पार्टीले नीतिगत निर्णय किन गरेन ? खोइ आन्दोलनका खाकाहरू ? सडक, सदन र सरकार घेराबन्दी कहिले गर्ने ? यी यावत ठोस तथ्य प्रश्नहरूको भूमरीमा अब टीकापुर थारू विद्रोहका राजबन्दीहरूलाई राख्न पाइन्न । हाम्रो माग मुद्दामा ठोस सहमति नजाउने हो भने अब हाम्रो बाटो अलग हुनसक्छ । हामी मधेस, थरूहट आन्दोलनका पीडित परिवारहरू चुप लागेर बस्नेवाला छैनौं । हाम्रो मुद्दाको समाधान राज्यले नगर्ने हो भने अब हामी सडकमा जान्छौं । हजारौं जनता उर्लिएर सिंहदरवार घेर्छौं । राजबन्दीका परिवारहरू अन्सन बस्छौं, धर्ना दिन्छौं । सके न्याय लिन्छौं, नसके प्राण दिन्छौं । हाम्रो प्राणको आहुतिले राज्यलाई चित्त बुझ्छ भने ठीकै छ, हामी सति भएर इतिहास बन्न पनि तयार छौं ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

अब म केही ठोस तथ्य र छलफलका विषयवस्तु तपाइँहरू समक्ष राख्न चाहन्छु । अहिले भइरहेको भेलाले अब हुने हाम्रो अगामी कार्यक्रम र रणनीतिक योजना तय गर्ने छ । यही भेलाले एउटा कमिटीको निर्माण गर्नेछ र जिल्ला जिल्ला, क्षेत्र क्षेत्र, गाउँ गाउँ आफ्नो आगामी कार्यक्रमको सन्देश पठाउनेछ । यही भेलाले गर्ने निम्न कमिटको गठन गर्ने छ ।

१. केन्द्रीय कमिटी : संयोजकसहित संख्या १०१ जना (अहिलेका लागि ५१ जना)
२. प्रदेश कमिटी : संयोजकसहित सख्या २५ जना (अहिलेका लागि ५ जना)
३. जिल्ला कमिटी : संयोजकसहित संख्या २५ जना (अहिलेका लागि ११ जना)
४. क्षेत्रीय कमिटी : संयोजकसहित संख्या २५ जना (अहिलेका लागि ११ जना)
५. नगरपालिका-गाउँपालिका कमिटी : संयोजकसहित संख्या २५ जना
६. वार्ड कमिटी : संयोजकसहित संख्या २५ जना

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,

यही भेलाले गठन गरेको केन्द्रीय समितिले निम्न समिति गठन गर्नेछ ।

१. बुद्धिजीबी समिति
२. आन्दोलन समिति
३. दल गठन समिति
४. आर्थिक समिति
५. प्रचार प्रसार समिति

माथिका यी समिति गठन गर्नुका पछाडि तपसिलका कारणहरू प्रमुख हुन् ।

बुद्धिजीबी समिति

क. सरकार समक्ष आफ्ना माग मुद्दासहितको ज्ञापनपत्र तयार गर्ने
ख. टीकापुर थारू विद्रोहप्रति मा. रेशम चौधरी संल्गन दल र नेतालाई अगगामि कार्यक्रमको रूपरेखामा सहमत छन् वा असहमत छन् भनी ज्ञापन पत्रसहित भेटघाट गर्ने ।
ग. दलका नेतालाई भेट्दा आन्दोलनको कार्यक्रमलाई पार्टीले नीतिगत निर्णय गर्छ कि गर्दैन ? निर्णय गरे हाम्रो आन्दोलनको तय कार्यक्रम बमोजिम कार्यक्षेत्रमा खटिन्छन् कि खटिँदैन्न् ? यी यावत विषयमा छलफल गरेर ठोस नीति बनाउने ।
घ. आन्दोलनको मिति र स्थान तय गर्ने ।
ङ. कहाँ कहाँ कसको संयोजकत्वमा परिचालन गर्ने तय गर्ने ।
च. आन्दोलनको चरणबद्धतालाई स्पष्ट गर्ने, जस्तै नेपाल बन्द कुन मितिमा, सिंहदरवार घेराउ कुन मितिमा, धर्ना जुलुस कहाँ कहाँ कुन मितिमा गर्ने स्पष्ट खाका तयार पार्नुपर्ने छ ।
छ. प्रस्तुत यी बुँदामा सकारात्मक नतिजा नआए बुद्धिजीबी समितिले दल गठन समितिलाई प्रक्रिया अगाडि बढाउने आदेश दिनेछ । सोही प्रक्रियाअनुरूप दल गठन समितिले कसको संयोजकत्वमा दल गठन गर्ने, पार्टीको नाम के राख्ने, झण्डाको प्रकृति कस्तो हुने, चुनाव चिन्ह के राख्दा सहजै मतदाताले पहिचान गर्न सक्छन्, त्यही चिन्ह राख्नु सुझाव दिने आदि प्रक्रिया गर्ने छ ।

आन्दोलन समिति

क. शान्तिपूर्ण रूपमा केन्द्र, जिल्ला र क्षेत्रमा कहाँ कहाँ कसरी, कुन मितिमा आन्दोलन गर्ने तय गर्नेछ ।
ख. शान्तिपूर्ण आन्दोलनको रणनीतिक योजना तय गर्नेछ ।
ग. शान्तिपूर्ण आन्दोलन हुने स्थानमा विभिन्न नेताको उपस्थिति निश्चित गर्ने ।
चरणब४ आन्दोलनको रूपरेखा र आवश्क सामाग्रीको तर्जुमा गर्नेछ । (जस्तैः ब्यानर, प्लेकार्ड, पोस्टर आदि)

दल गठन समिति

क. केन्द्रीय, प्रदेश, क्षेत्रीय, जिल्ला कमिटीको संयोजक तोक्ने ।
ख. विधान, राजनीतिक प्रतिवेदन, घोषणापत्र तयार गर्ने ।
ग. पार्टीके झण्डा, चुनाव चिन्ह, पार्टीको नाम निर्धारण गर्ने ।
घ. कहिले, कुन मितिमा, कसरी दल दर्ता गर्ने, ठोस तथ्यको जानकारी विभिन्न समितिलाई गराउने ।

आर्थिक समिति

क. आर्थिक समिति गठन भएको मितिदेखिको सम्पूर्ण हिसाब किताब दुरूस्त राख्ने ।
ख. आय व्ययको सम्पूर्ण विवरण पारदर्शी राख्ने ।
ग. श्रोत, माध्यमको उचित व्यवस्थापन गर्ने ।
घ. दर्ता भएको मितिबाट बैंकिङ कारोबार गर्ने ।
ङ. अहिलेका लागि उचित श्रोतको बन्दोबस्त गर्ने ।

प्रचार प्रसार समिति

क. तय गरिएका कार्यक्रमको प्रचार प्रसार कसरी गर्ने, सबै जना जोडिने सामाजिक सञ्जालको निर्माण गर्ने, कार्यक्रमको रूपरेखाका बारेमा एक एक सदस्यलाई जानकारी गराउने ।
ख. विभिन्न सञ्चार संस्थालाई समाचार उपलब्ध गराउने ।
ग. कार्यक्रम कहाँ, कस्तो, कुन मितिमा हुँदैछ भन्ने जानकारी गराउने ।

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,

मधेस तथा टीकापुर थारू विद्रोह राजबन्दी रिहाइ तथा विविध राजनीतिक छलफल शीर्षक कार्यक्रम हामीले आयोजना गर्नुमा अर्थ छ । मंसिर १७-१८ गतेको कार्यक्रमले आगामी कार्यक्रमको भाबी रणनीति तय गर्नेछ । माथि उल्लेखित समितिले २०७८ पुस ९ गतेदेखि अनिश्चित आन्दोलनको घोषणा गर्नेछ । कहाँ कहाँ धर्ना जुलुस गर्ने, राज्यलाई दबाब सिर्जना गरेर विना सर्त राजबन्दीको रिहाइ हुनुपर्ने माग राखेर देशको पत्येक जिल्लाबाट कम्तिमा २० जना काठमाडौं आइ सिंहदरवार घेराउ गर्ने, हाम्रो माग र मुद्दाप्रति हामी संलग्न दलले कुनै चासो नदेखाएको खण्डमा नयाँ दल गठन गरी भाबी राजनीतिक मार्ग तय गर्ने छौं । हाम्रो यो अभियानमा विभिन्न जनजाति संगठन, नागरिककर्मी, मानवअधिकारकर्मी, बुद्धिजीबी, पत्रकार तथा राजनीतिक दललाई पनि सहयोगका लागि अनुरोध गर्नेछौं । न्याय पाउने हाम्रो नैसर्गिक अधिकार हो, राजनीतिक मुद्दाको निरूपण राजनीतिक रूपमै हुनुपर्छ ।

हाम्रा प्रमुख मागहरू

१. थरूहट, मधेस आन्दोलनका घाइतेहरूको निशुल्क उपचार
२. पीडित आन्दोलनकर्मीलाईलाई क्षतिपूर्ति
३. झुठा मुद्दा लगाई कारागारमा थुनिएका मा रेशम चौधरीलगायत सम्पूर्ण राजबन्दीको विना सर्त रिहाइ ।

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,

हामीले केही महिनादेखि मुलुकको राजनीतिक गतिविधिका साथै आफ्नै दलका नेता तथा त्यसभित्रका गतिविधि पनि नजिकबाट नियालेर हेरिरहेका छौं । मलाई राम्ररी थाहा छ, हिजो पार्टी एकीकरणताका मा. रेशम चौधरीको भूमिका कस्तो थियो ? अस्पतालको सैयाबाट होस् या जेलको भेघाटको छलफलबाट, उहाँ सधैं पार्टी एकीकरणको पक्षमा उभिनुभयो । आज आफ्नै दलभित्रका नेताहरूको विचार, भावना नमिलेर हो कि व्यक्तिगत बैमनस्यताले पार्टी पुनः दुई चिरा भयो । सबैलाई थाहा छ, मा. रेशम चौधरी निर्वाचन आयोगमा पुगेर आफू तटस्थ बसेको घोषणा गर्नुभयो । उहाँको तटस्थताले चिरा भएर छुट्टिएका दुवै दलमा खैलाबैला उच्पन्न भयो । तटस्थ सम्बन्धमा मा. रेशम चौधरीको भनाइ छ, कसैको व्यक्तिगत विचारको सिकार म किन हुने ? जेलमा बसेर पार्टी विभाजनको भागिदार कनि बनाउन खोजिँदैछ मलाई ? अहिले मलाई निर्वाचन आयोगले कुन कित्तामा छुट्याएको छ, सो को समेत जानकारी छैन । जेलबाट म कुन दल वा समूहको हुँ भनेर बुझ्न पनि सम्भव छैन । संसद सचिवालय र निर्वाचन आयोगले मलाई कुन कित्तामा नमांकित गरिदिएको छ, त्यतै मेरो समर्थन होला ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

मा. रेशम चौधरी व्यक्ति ठूलो कुरा होइन, मुद्दा ठूलो कुरा हो । मा. रेशम चौधरीको निजी विचारभन्दा उहाँले बोकेको समाजको मुद्दा, देशको मुद्दा ठूलो हो । म यसै मञ्चबाट आफ्ना दलका नेताहरूलाई सोध्न चाहन्छु, मधेस तथा टीकापुर थारू विद्रोहका राजबन्दीहरू कहिले रिहाइ हुन्छन् ? मधेस तथा थरूहटका मुद्दा बोकुवा नेताहरूले यो भारी कहिले बिसाउने ? हिजो मधेसी, थारू सहिदका नाममा राजनीतिक भयो, आज जिउँदा सहिद मा. रेशम चौधरीहरूको नाममा राजनीति हुँदैछ । कहिलेसम्म हुने ? के अर्को चुनावसम्म जेलमै राखिरहने आफ्नै पार्टीका नेताहरूको योजना हो ? म यसै मञ्चबाट मा. पत्नी रन्जिता चौधरी उद्घोष गर्न चाहन्छु, मधेस तथा थरूहट सहिद र राजबन्दीप्रति हाम्रो नेता इमान्दार छन् भने पार्टीले आन्दोलनका लागि नीतिगत निर्णय गरिदिनुपर्‍यो । तपाइँले कहिले संसद बन्द गर्ने ? हामी कहिले सडक आन्दोलन गर्ने ? लाल आयोगको प्रतिवेदन सार्वजनिक कहिले हुने ? स्पष्ट जवाफ चाहियो हामीलाई ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

यदि पार्टीले नीतिगत निर्णय गरेन भने अब हामी चुप लागेर बस्नेवाला छैनौं । हामी राजबन्दी परिवार सडकमा धर्ना बस्न तयार छौं । हाम्रा श्रीमानहरू ज्युँदा सहिद छन्, हामी मुर्दा सहिद भए के फरक पर्ला ! आज यही भेलाले हाम्रो पार्टी र नेतालाई दिने अल्टिमेटम तोकिदिनुपर्‍यो । यदी तोकिएको सीम समयमा हाम्रो सुनुवाइ भएन भने हाम्रो विचार पनि फरक, हामी पनि फरक । हाम्रो बाटो पनि अलग । आजसम्म हाम्रा श्रीमानहरूलाई यो अवस्थासम्म ल्याइपुर्‍याउने पापको भारी पनि उहाँहरूले बोक्नुपर्छ । हामी कहिलेसम्म चुप बस्ने ? हाम्रा श्रीमानहरूले तीन वर्ष प्रवासको पीडा भोगे । चार वर्षदेखि जेलनेल भोग्दैछन् । हाम्रा श्रीमानहरूलाई साङलाले बाँधिएको हाम्रो नेताहरूलाई मन पर्छ कि क्या हो ?

दाजुभाइ तथा दिदीबहिनीहरू,

धेरै जनाले सोध्नुहुन्छ, के मा. रेशम चौधरीले एक्लै पार्टी खोल्न थाल्नुभएको हो ? मलाई थाहा भएसम्म उहाँ एकलकाटे मान्छे होइन । सम्पूर्ण साथीहरूसँग हातेमालो गर्न रूचाउने उहाँको प्रकृति छ । जेलको भेटघाटमा उहाँले भन्नुभएको छ, अब सबै एकजुट हुनुको विकल्प छैन । थारू, जनजाति, दलित, मुस्लिम, उत्पीडित सबै एकै ठाउँमा भएर नयाँ शीराबाट संघर्षको सुरूवात गर्नुपर्छ ।

उपस्थित, दर्शकवृन्द ! आज मा. रेशम चौधरीको मनमा नाँ शीराको शब्द किन उच्चारण हुँदैछ ? के उहाँको आफू सम्बद्ध दल र नेतृत्वप्रति विश्वास हराउँदै गएको हो ? आज मधेस र थरूहटको मुद्दा बोक्ने पार्टी जसपा सरकारमै छ त ? मधेसी थारूको मुद्दा बोक्ने पार्टी सरकारमा हुने अनि मधेस थरूहट आन्दोलनकै नेताहरू थुनिनुपर्ने ? आफ्नै मन्त्रिपरिषद्ले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सक्दैन ? आफ्नै मन्त्रिपरिषद्ले झुठा मुद्दा फिर्ता लिन सक्दैन ? यी सब अनुत्तरित प्रश्नले हामीलाई केवल दुखीमात्रै तुल्याउँछ । आफ्नै हातमा डाडु पन्यु हुँदा पनि आफ्नैलाई दालभात समेत नदिएको देख्दा हामीलाई दिक्दार लागेर आउँछ । सरकार आफ्नो छ, निर्दोष आफ्नाहरू जेलमा छन् । के सरकार तपाइँहरूको व्यक्तिगत स्वार्थ हो ?

अन्त्यमा,

म आन्दोलनका सहकर्मी साथीहरूलाई पनि के भन्न चाहन्छु । आज एउटै मुद्दाको उठान गर्ने साथीहरूको बीचमा पनि बैमनस्यता चुलिएझैं भएको छ । थरूहट आन्दोलनकै अगुवाहरू, थारू कल्याणकारिणी सभा, थारूसम्बन्धी विभिन्न संघ संस्था, व्यक्ति छरपष्टिएको अवस्था छ । आउनुस्, हाम्रो माग, मुद्दा, गन्तव्य एउटै हो । सबै जना एक ठाउँमा संगठित होउँ । मैला मनहरू माझौं माननीय रेशम चौधरीको तर्फबाट म नेतृत्व गर्न तयार छु । एक ज्यँदो सहिदको घरमा अर्को सहिद थपिएला, के फरक पर्छ र ? केही दिन पहिले थारू आन्दोलनका अगुवा लक्ष्मण थारूले सन्देश पठाउनुभएको छ, मैले बाटो विराएको छैन, म मा. रेशम चौधरीसँगै छु, र उहाँसँग आगामी बाटोमा संघर्ष गर्न तयार छु । उहाँलाई मेरो तर्फबाट मुरीमुरी धन्यवाद ।

साथीहरू,

यहाँ यस कार्यक्रममा विभिन्न जिल्लाबाट पनि सहभागी हुन आउनुभएको छ, उहाँहरूको सल्लाह, सुझाव, मन्तव्य सुन्न बाँकी छ । आफ्ना अमूल्य समयका बावजुद पनि सम्पूर्ण व्यक्तिगत कामलाई थाती राखेर यहाँसम्म कस्ट गर्ने साथीहरूको गुणलाई हामी कहिल्यै विर्सन सक्दैनौं । पुनः मधेस तथा थरूहट आन्दोलनमा सहिद हुने वीरहरूप्रति श्रदाञ्जली अर्पण गर्दछु । कार्यक्रममा भाग लिन आउनुभएका सबैलाई धन्यवाद दिँदै आफ्नो मन्तव्य यहीं टुंग्याउँछु ।

धन्यवाद, नमस्कार ।

तमुबौद्ध सेवा समाजमा मंसिर १८ गते रेशम चौधरीकी श्रीमती रन्जिता श्रेष्ठ चौधरीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन ।

*समाप्त*

## संक्षिप्त समाचार

### सोनल लोसपा प्रदेश २ अध्यक्षमा मनोनित

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) प्रदेश २ को अध्यक्षमा जीतेन्द्र सोनल मनोनित भएका छन् । पार्टी केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले आज सोनललाई प्रदेश २ को अध्यक्षमा मनोनित गरेका हुन् । सोनल प्रदेश २ संसदीय दलका नेता पनि छन् । महन्थ ठाकुर निकट रहेकै कारण जसपा कविभाजन अघि नै सोनललाई भौतिक पूर्वाधार विकास मन्त्री पदबाट मुख्यमन्त्री लालबाबु राउतले बर्खास्त गरेका थिए । प्रदेश २ अध्यक्षमा मनोनित भएका सोनलले मधेस, देश एवं पार्टीको हितमा कार्यकाल उपलब्धी मुलक हुने राष्ट्रिय अध्यक्ष ठाकुरले विश्वास व्यक्त गरेका छन् ।

### स्रोत नखुलेको रूपैयाँसहित पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-८ घण्टाघरस्थित सडकबाट स्रोत नखुलेको नगद १८ लाख रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार दिउँसो पक्राउ पर्नेहरूमा वीरगंज महानगरपालिका-१० ठेगाना भएका २८ वर्षीय चन्दन कुमार साह र सोही ठाउँ ठेगाना भएका ४४ वर्षीय ओमप्रकाश गुप्ता रहेका छन् । घण्टाघरबाट आदर्शनगर जाँदै गरेको ना.१६ प ५४४६ नम्बरको मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा झोलामा बोकेको उक्त नगद सहित फेला पारी मोटरसाइकलमा सवार दुवै जनालाई पक्राउ गरेको हो । उनीहरू उपर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बिरूद्धको कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### ब्राउनसुगरसहित युवक पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१६ जयसपुरबाट ९ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थसहित एक युवक पक्राउ परेका छन् । नेपालगंज उपमहानगरपालिका-१६ बस्ने २३ वर्षीय तैयब अलि अन्सारीलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ । भे.५ प ९१९९ नम्बरको मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय बाँके समेतबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### किशोरीलाई जबरजस्ती करणी गर्ने पक्राउ

पर्सा ।१६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा भारत जम्मु कश्मीर चट्ठा भोर क्याम्प -२ तसिल गाडीगाड बस्ने २९ वर्षीय सतवन्त सिंहलाई प्रहरीले पक्राउ गरेको छ । सिंहले ती किशोरीलाई अनुचित प्रभाव र दबाबमा पारी ललाई फकाई विवाह गर्ने प्रलोभन देखाई शुक्रबार वीरगंज महानगरपालिका-११ श्रीपुरस्थित आप्नै कोठामा लगेर पटक-पटक करणी गरेको भन्ने जाहेरीको आधारमा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर जबरजस्ती करणी मुद्दामा जिल्ला अदालत पर्साबाट ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### सवारी दुर्घटनामा दुईको मृत्यु

विराटनगर । जिल्लाको छुट्टाछुट्टै दुई ठाउँमा भएको सवारी दुर्घटनामा परी दुई जनाको ज्यान गएको छ । पथरीशनिश्चरे नगरपालिका-२ जयचोकमा बा.२० च २१६२ नम्बरको स्कारपियो र प्रदेश १-०२-०४४ प ९९४२ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई आइतबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक सुनसरी ईटहरी उपमहानगरपालिका-६ बस्ने ३४ वर्षीय शंकर पोखरेलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको पथरी अस्पताल पथरीमा उपचारको क्रममा मृत्यु भएको हो । स्कारपियो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी, बुढिगंगा गाउँपालिका-१ गंगा चोकमा प्रदेश १-०२-०४२ प ४२७३ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री भारत घर भएका ४० वर्षीय दिनेश पटेलको आइतबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको बिराट मेडिकल कलेज गंगा चोकमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका मोटरसाइकल चालकको सोही मेडिकल कलेजमा उपचार भइरहेको छ ।

### नालामा डुबेर बालिकाको मृत्यु

रौतहट । गरूडा नगरपालिका-५ शिवनगरमा घर अगाडिको नालामा डुबेर एक बालिकाको मृत्यु भएको छ । सोही ठाउँ बस्ने राम प्रवेश महतोकी छोरी १ वर्षीया दिपिका कुमारी महतो आफ्नै घर अगाडिको नालामा डुबेर आइतबार साँझ मृत्यु भएको छ । घर अगाडि खेल्ने क्रममा नालामा डुबेर गम्भीर घाइते भएकी उनको झाझपुलस्थित ग्राण्डी हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको हो ।

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

मोरङ । बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी सुनसरी धरान उपमहानगरपालिका-७ की ५० वर्षीया सुनिला याखालाई प्रहरीले पक्राउ गरेको छ । उच्च अदालत बिराटनगरको २०७८ बैशाख १६ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा १ वर्ष ६ महिना कैद र नगद ५ लाख ८ हजार ३ सय ३८ रूपैयाँ ३३ पैसा जरिवाना ठहर भई फरार रहेकी उनलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरीले उनकै गाउँ घरमा लुकिछिपि बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत सुनसरीमा दाखिला गराई कारागार चलान गरिएको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

### धनगढीबाट खैरो हेरोइनसति युवक पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-४ उत्तरवेहडी बस्ने २४ वर्षीय उत्तम सिंहलाई खैरो हेरोइनसहित प्रहरीले पक्राउ गरेको छ । उनलाई १ सय ८० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। सोही उपमहानगरपालिका-१ स्थित जिल्ला कारागार कैलालीमा रहेको लागूऔषध मुद्दाका बन्दीलाई भेट्न आएको अवस्थामा उनलाई कारागार गेटमा प्रहरीले जाँच गर्दा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### मर्चवारी स्कुलबाट ४ थान ल्यापटप चोरी

रूपन्देही । मर्चवारी गाउँपालिका-३ बिचौवापुरस्थित जन कल्याण प्राविबाट करिब ३ लाख २० हजार रूपैयाँ मूल्य बराबरका ४ वटा ल्यापटप चोरी भएको छ। राष्ट्रिय परिचयपत्र दर्ता शिविरका कर्मचारीहरूले कामकाज सकेर सोमबार साँझ स्कुलको ढोका बन्द गरी गएकोमा आइतबार बिहान उक्त ल्यापटपहरू चोरी भएको थियो । ईलाका प्रहरी कार्यालय मर्चवारबाट खटिएको प्रहरीले चोरीमा संलग्न व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।


नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २



नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# बंगलादेशसँग भारतको विकास साझेदारी सबैभन्दा व्यापक : राष्ट्रपति कोविन्द

भारतको 'छिमेकी पहिलो' नीतिमा बंगलादेशको विशेष स्थान रहेको दोहोऱ्याउँदै, राष्ट्रपति रामनाथ कोविन्दले बुधबार बंगलादेशसँग भारतको विकास साझेदारी सबैभन्दा व्यापक र फराकिलो रहेको बताएका छन्।

बंगलादेशका राष्ट्रपति अब्दुल हमिदको निमन्त्रणामा बंगलादेश भ्रमण मा जानुभएको भारतीय राष्ट्रपति ५०औँ विजय दिवस समारोहमा भाग लिने छन् । कोभिड महामारीको प्रकोप पछि यो उनको पहिलो राज्य भ्रमण हो ।

बुधबार बिहान ढाका पुगेपछि राष्ट्रपति कोविन्दले दिउँसो बंगलादेशका राजनीतिक नेतृत्व, राष्ट्रपति मोहम्मद अब्दुल हमिद, प्रधानमन्त्री शेख हसिना र विदेशमन्त्री डा एके अब्दुल मोमेनसँग भेटवार्ता गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यी भेटघाटहरूमा राष्ट्रपतिले मुजिब वर्षोको ऐतिहासिक अवसरमा, बंगलादेशको मुक्तिको ५०औँ वार्षिकोत्सव र भारत-बंगलादेश द्विपक्षीय सम्बन्धको ५० वर्ष पूरा भएकोमा बंगलादेश सरकार र जनतालाई बधाई दिएका छन् ।

उनले बंगलादेशको स्वतन्त्रता संग्राम हालैको इतिहासमा एक प्रेरणादायी घटना भएको र भारत यसमा सहभागी हुन पाउँदा सम्मानित भएको बताएका छन् । राष्ट्रपति कोविन्दले ५० वर्षअघि भारत र बंगलादेशबीच भाषा, नाता, धर्म र सांस्कृतिक आस्थाका साथै पारस्परिक सम्मानको समानतामा आधारित विशेष मित्रता सुरू भएको बताउनुभयो ।



राष्ट्रपतिले भारतको 'छिमेकी पहिलो' नीतिमा बंगलादेशको विशेष स्थान रहेको दोहोऱ्याउनु भयो । उनले बंगलादेशसँग भारतको विकास साझेदारी सबैभन्दा व्यापक र फराकिलो भएको पनि बताएका छन् ।

दुई देशको सम्बन्ध जस्तोसुकै जटिल परिस्थितिको पनि सामना गर्न सक्ने उनले बताएका छन् । व्यापार र सम्पर्क बारे बोल्दै राष्ट्रपतिले सम्पर्क र जडान भारत-बंगलादेश सम्बन्धको महत्त्वपूर्ण स्तम्भ भएको बताएका छन्। भौगोलिक निकटताबाट दुई देशले धेरै लाभ लिन सक्ने उनको भनाइ छ ।

बंगलादेश भारतको सबैभन्दा ठूलो व्यापार साझेदार भएकोमा उनले खुसी व्यक्त गरेका छन्। भ्रमण मा रहेका भारतीय राष्ट्रपतिले भारतले दुई देशबीच थप व्यवस्थित र निर्बाध व्यापारको अपेक्षा गरेको बताएका छन् ।

उनले अन्तरिक्ष, आणविक प्रविधि, रक्षा, औषधि तथा अन्य उन्नत विज्ञान तथा प्रविधि क्षेत्रमा साझेदारीको प्रशस्त सम्भावना रहेको पनि उल्लेख गरेका छन् । राष्ट्रपति कोविन्दले औपचारिक 'बृहत् आर्थिक साझेदारी सम्झौता'ले दुईतर्फी व्यापारलाई महत्वपूर्ण प्रोत्साहन दिने उल्लेख गर्नुभयो ।

कोभिड महामारीको समयमा भारत र बंगलादेशबीचको सहकार्यलाई औंल्याउँदै राष्ट्रपतिले महामारीको समयमा बंगलादेशबाट प्राप्त सहयोगको प्रशंसा गर्नुभयो।

बंगलादेश भारतबाट खोप प्राप्त गर्ने पहिलो देश र भारतमा बनेको खोपको सबैभन्दा ठूलो प्राप्तकर्ता भएकोमा उनले खुसी व्यक्त गर्नुभयो । बहुपक्षीय मञ्चमा सहयोग बारे बोल्दै राष्ट्रपतिले भारत र बंगलादेशबीच विशेषगरी दक्षिण एसियासँग सम्बन्धित विषय र साझा चासोको फराकिलो सूची रहेको बताउनुभयो।

बुधबार साँझ बंगलादेशका राष्ट्रपतिले उनको सम्मानमा बंगलाभवनमा आयोजना गरेको रात्रिभोजमा उनी सहभागी हुनुभएको थियो ।

बिहीबार, राष्ट्रपति विजय दिवस परेडमा सहभागी हुनेछन् र बंगलादेशका राष्ट्रपतिले "मुजिब वर्षो" समारोहको समापनको अवसरमा आयोजना गरेको विजय दिवस स्वागत समारोहमा सहभागी हुनेछन् । यसअघि भारतका राष्ट्रपति बुधबार बिहान ढाकाको हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका थिए जहाँ उनलाई बंगलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिदले स्वागत गरेका थिए ।

राष्ट्रपतिलाई विमानस्थलमा औपचारिक स्वागत र गार्ड अफ अनर दिइएको थियो । त्यसपछि उनले सावरस्थित राष्ट्रिय शहीद स्मारकमा पुगेर बंगलादेश स्वतन्त्रता संग्रामका शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए। त्यसपछि उनले बंगलादेशका राष्ट्रपिता बंगबन्धु शेख मुजिबुर रहमानलाई सम्मान प्रकट गर्न ३२ धानमण्डीस्थित बंगबन्धु स्मृति संग्रहालयको भ्रमण गरेका थिए।

# भारत र अमेरिकाबीच वाणिज्यदूतीय सम्वाद

भारत र अमेरिकाले वार्षिक द्विपक्षीय संवादको आयोजना गरेका छन्। दुबै पक्षले कन्सुलर मुद्दाहरूको द्रुत समाधानका लागि सहयोग, भिसाको सहजीकरण लगायत आपसी हितका क्षेत्रहरूमा छलफल गरेका छन् । परराष्ट्र मन्त्रालयका अनुसार वाणिज्यदूतीय संवाद डिसेम्बर महिनाको १३ तारिख मा अमेरिकामा भएको थियो ।

विदेश मन्त्रालयका अनुसार संवादको क्रममा दुई देश बीच सुपुर्दगी मामिला, प्रवासी नागरिकहरूलाई विविध सेवाहरूको प्रावधान, बाल हिरासत, विवाह, धर्मपुत्र ग्रहण र दुई देशहरू बीच यात्राको सुविधा तथा पारिवारिक



मुद्दाहरूमा छलफल भएको थियो।

यस सन्दर्भमा विदेश मन्त्रालयले भन्यो, " वार्ताले हाम्रो द्विपक्षीय सम्बन्धको बललाई पुष्टि गरेको छ। कोविड महामारी चुनौती को बावजूद सुरक्षित र जिम्मेवार यात्रा सुनिश्चित गर्न दुबै देशहरूले गरेका प्रयास सराहनीय छ।"

वाणिज्यदूतीय संवादमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व सहसचिव देवेश उत्तमले गरेका थिए भने अमेरिकी प्रतिनिधिमण्डलको तर्फबाट कन्सुलर मामिलाका सहायक विदेशमन्त्री रेना बिटरले प्रतिनिधित्व गरेकी थिइन्।

# 'एमसिए नेपालविरुद्ध क्रमबद्ध रूपमा भ्रामक सामग्री सम्प्रेषण भइरहेको छ'

काठमाडौं । मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) का सम्बन्धमा अतिरञ्जित तथा असत्य सन्देशहरू सामाजिक सञ्जालबाट सम्प्रेषण भइरहेको भन्दै एमसिए नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

सामाजिक सञ्जालट् वीटर र फेसबूकमार्फत एमसिए-नेपाल विकास समितिका लागि खरिद एजेण्ट तथा वित्तीय एजेण्टका रूपमा परामर्श सेवा उपलब्ध गराइरहेको कार्डनोको लोगोसहित नक्कली कागजपत्र प्रयोग गरी एक सामग्री सम्प्रेषण गरिएको पाइएको छ ।

उक्त सामग्रीमा कार्डनोको परिचयका रूपमा भ्रामक जानकारी उल्लेख गरिनुका साथै एमसिए-नेपालको सुरक्षा व्यवस्थासम्बन्धी सेवा आपूर्तिका लागि तयार गरिएको दस्तावेजलाई गलत अर्थ लाग्ने गरी कपोलकल्पित कुरा उल्लेख गरिएको थियो ।

साथै उक्तसामग्रीमाउल्लेख गरिएका सूचनाहरू कपोकल्पितभएको र उल्लेख गरिएको जस्तो नेपालमा अमेरिकी सेना ल्याउने कुनै रणनैतिक योजना नभएको र नेपालमा अमेरिकी सेना ल्याउने तयारीमा कुनै समिति नबनाइएको जानकारी एमसिए-नेपाल विज्ञप्तिमार्फत जनाएको छ ।

सामाजिक सञ्जालको दुरूपयोग गरी जनसाधारणबीच भ्रम फैलाउने खालकाअसत्यजानकारी सम्प्रेषण गर्ने निन्दनीय प्रवृत्तिप्रति एमसिए-नेपाल गम्भीर भर्त्सना गर्नुका साथै त्यस्ता सूचना प्रदूषण फैलाउने कुत्सित मनसाययुक्त भ्रामक सन्देश सम्प्रेषकविरूद्ध कडा कानुनी कारवाहीका लागि प्रक्रिया अगाडि बढाइसकेको छ ।

पशु सेवा विभाग

## राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि

सम्पर्क

फोन : ०१-५५२२०३१

इमेल : info@nlrmpo.gov.np

## जिल्ला समाचार

### प्रदेश नं. १ प्रहरी तालिम केन्द्रको वार्षिकोत्सव

मोरङ । प्रदेश नं. १ प्रहरी तालिम केन्द्र विराटनगरको ५६औं वार्षिकोत्सव कार्यक्रम १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक अरूण कुमार बिसीको प्रमुख आतिथ्यतामा मंगलबार सम्पन्न भएको छ । कार्यक्रममा प्रहरी नायव महानिरीक्षक बिसीले वार्षिकोत्सवको अवसरमा आयोजित आन्तरिक फुटवल, भलिवल, टेवलटेनिस र ब्याडमिन्टन खेलका विजयी खेलाडीहरूलाई पुरस्कार तथा प्रमाणपत्र र तालिम केन्द्रमा वर्षभरि उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरूलाई पुरस्कार प्रदान गरेका छन् । उक्त अवसरमा प्रहरी नायव महानिरीक्षक बिसीले प्रहरी सेवा प्रवेश गर्ने जनशक्तिको लागि प्रारम्भिक शिक्षा तथा उन्नत प्रशिक्षण प्रदान गर्ने कार्यमा तालिम केन्द्रको भूमिका अहम रहने बताए । उचित प्रशिक्षण प्राप्त गरे मात्रै प्रहरी कर्मचारीले कार्य क्षेत्रमा संगठनको अपेक्षा अनुरूप प्रतिफल दिन सक्ने उनले चर्चा गरे । तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक मीरा चौधरीले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा प्रहरी निरीक्षक खगेन्द्र धमलाले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । तालिम केन्द्रले स्थापना कालदेखि हालसम्म विभिन्न आधारभूत तथा उन्नत तालिमहरू गरी कूल ७८ हजार ४ सय १२ जना प्रहरी अधिकृत तथा जवानहरूलाई प्रशिक्षण दिइसकेको कार्यक्रममा जानकारी दिइएको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

### नक्कली नेपाली रूपैयाँसहित पक्राउ

रौतहट । परोहा नगरपालिका-८ नरकटियाबाट ६९ हजार ५ सय नक्कली नेपाली रूपैयाँ सहित २ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बिहार मोतिहारी घर भएका २६ वर्षीय बिकाश जयसवाल र सोही ठाउँ बस्ने ३२ वर्षीय अजय प्रसाद रहेका छन् । बीआर ०५ के ३६३६ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी मोतिपुर नरकटियाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा १ हजार दरको ६९ थान र ५ सय दरको १ थान गरी उक्त नक्कली रूपैयाँ सहित फेला पारी मोटरसाइकल चालक बिकाश र मोटरसाइकलमा सवार अजयलाई पक्राउ गरेको हो ।

### भन्सार छलि ल्याउँदै गरेको सामान बरामद

बाँके । नेपालगंज उपमहानगरपालिका-१० ट्राफिक चोकबाट भारतबाट भन्सार छलि अवैध रूपमा ल्याउँदै गरेको सुर्ति, चिनी, बिडी, हार्डवेयर लगायतका सामान गरी करिब १ लाख ८५ हजार रूपैयाँ बराबरको विभिन्न सामान बिहीबार बिहान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उक्त ठाउँमा जाँच गर्नेक्रममा सामान फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकल र अटोरिक्सा ठोक्किँदा एकको मृत्यु

रूपन्देही । सिद्धार्थनगर नगरपालिका-२ मेउडिहवास्थित भित्री सडकमा लु.४३ प १८३३ नम्बरको मोटरसाइकल र ना.१ ह ७५०३ नम्बरको अटो रिक्सा एक-आपसमा ठक्कर खाई बुधबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-११ सिसवा बस्ने २४ वर्षीय भुजेल अहमदको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भए उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जना र अटोमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरार अटो चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### कपास गोदाममा आगलागी

बाँके । नेपालगंज उपमहानगरपालिका-८ बस्ने ३८ वर्षीय बिशेष गुप्ताको जानकी गाउँपालिका-४ रामगाउँमास्थित कच्ची घरमा रहेको कपासको गोदाममा विद्युत लाईन सर्ट भई बिहीबार बिहान आगलागी भएको छ । आगलागी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय खुद्र खजुराबाट खटिएको प्रहरीले दमकल र स्थानीयबासीको सहयोगमा आगो निभाउने कार्य गरिरहेको छ ।

### पोखरीमा युवक मृत फेला

रौतहट । गौर नगरपालिका-१ स्थित पोखरीमा एक युवक मृत अवस्थामा फेला परेका छन् । सोही नगरपालिका-२ बस्ने ३५ वर्षीय अख्ला खान मंगलबार मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

### स्कुलबाट ४ थान ल्यापटप चोरी

रूपन्देही । मर्चवारी गाउँपालिका-३ बिचौवापुरस्थित जन कल्याण प्राविबाट करिब ३ लाख २० हजार रूपैयाँ मूल्य बराबरका ४ वटा ल्यापटप सोमबार राति चोरी भएको छ । राष्ट्रिय परिचयपत्र दर्ता शिविरका कर्मचारीहरूले कामकाज सकेर सोमबार साँझ स्कुलको ढोका बन्द गरी गएकोमा आइतबार बिहान उक्त ल्यापटपहरू चोरी भएको पाइएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मर्चवारबाट खटिएको प्रहरीले चोरीमा संलग्न व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### दुईनाले बन्दुकसहित तीन जना पक्राउ

कैलाली । कैलाली जिल्लाको भजनी नगरपालिका ७ स्थित हुलाकीमार्गबाट मंसीर २४ गते सशस्त्र प्रहरीले दूईनाले बन्दुकसहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही जिल्लाको घोडाघोडी नगरपालिका बस्ने ५५ बर्षिय दयाराम चौधरी, ३५ बर्षिय अजय चौधरी र २९ बर्षिय तुलाराम चौधरी छन् । दुई वटा मोटरसाईकलमा सवार उनीहरूलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट हिम्मतपुरले सो बन्दुकमा प्रयोग हुने ८ वटा टोटा कार्टिजसहित पक्राउ गरेको हो । पक्राउ परेकाहरूलाई बरामद बन्दुक तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाईएको छ ।

### खानेपानी तथा फिल्टर सम्बन्धी अभिमुखीकरण

कपिलवस्तु । खानेपानी तथा बायोस्यण्ड फिल्टर सम्बन्धी अभिमुखीकरण कार्यक्रम शिवराज नगरपालिका वड़ा नं १० लालपुरमा सम्पन्न भएको छ । शिवराज नगरपालिका वड़ा नं १० को आयोजना र पोषण बायोस्यण्ड फिल्टर प्रबर्धन तथा स्वच्छता केंद्रको समन्वयमा उक्त कार्यक्रम शिवराज - १० लाई सुरक्षित खानेपानी सबैका लागी सधैका लागि, सुधारौं बानी पिउने गरौं सुरक्षित पानी' भन्ने मूल नाराका साथ कार्यक्रम सम्पन्न गरिएको छ । अभिमुखीकरण कार्यक्रममा पोषण बायोस्यण्ड फिल्टर प्रबर्धन तथा स्वच्छता केन्द्रका प्रबन्ध निर्देशक दयाराम शर्मा र राधिका केसीले कार्यक्रमको उदेश्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा बोल्दै शर्माले हामीले पिउने पानी सुरक्षित र सफा भएमा मात्र हामी स्बस्थ हुने भएकोले सुरक्षित खानेपनी हामीले बिशेष ध्यान दिनुपर्ने बताएका थिए । वड़ा नं १० लाई पुर्ण सुरक्षित खानेपानी वड़ा बनाउने उदेश्य सहित यो कार्यक्रम संचालन गरिएको वड़ा अध्यक्ष मन्जु मिश्रले जानकारी दिनु भएको छ । वड़ामा नयाँ प्रविधिका बायोस्यण्ड फिल्टर २-४ दिन भित्र बितरण गर्ने बाचाका साथ वड़ा अध्यक्ष मिश्रले कार्यक्रम सम्पन्न गरेका थिए । कार्यक्रममा २५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सुरक्षित खानेपानी सम्बधमा बोल्दै लोसपा नेपालका लुम्बिनी प्रदेश अध्यक्ष रवि दत्त मिश्राले सुरक्षित खानेपनीमा बिशेष ध्यान दिएको भन्दै वड़ा अध्यक्ष मन्जु मिश्रलाई धन्यबाद समेत व्यक्त गरेका थिए ।



# भारत सरकारको अनुदान सहयोगमा सर्लाहीमा निर्मित दुई नयाँ विद्यालय भवन उद्घाटन



काठमाडौं । छिमेकी मित्रराष्ट्र भारत सरकारको अनुदान सहयोगमा सर्लाही जिल्लामा निर्मित दुई नयाँ विद्यालय भवन उद्घाटन गरिएको छ ।
भारत सरकारको आर्थिक सहयोग क्रमशः नेरू. ६९.४ लाख र नेरू. १ करोड ५९ लाख लागतमा निर्माण भएका सर्लाही जिल्लाको पिपरिया, कविलासी-२ स्थित श्री बाल गोविन्द जनता उच्च माध्यमिक विद्यालय र नेत्रगंज,लालबन्दी-१ स्थित श्री जनता उच्च माध्यमिक विद्यालयका नयाँ विद्यालय भवनहरूको भारतीय राजदूतावासका नियोग उप-प्रमुख श्रीमती नामग्य खम्पाले उद्घाटन गरे ।
स्थानीय प्रतिनिधि, जिल्ला समन्वय समितिका अधिकारी, विद्यालय व्यवस्थापन समिति तथा स्थानीयबासीले उक्त उद्घाटन समारोहमा उपस्थिति जनाएका थिए ।
श्री बाल गोविन्द जनता उच्च माध्यमिक विद्यालयको स्थापना सन्१९६० मा र श्री जनता उच्च माध्यमिक विद्यालयको स्थापना सन् १९६२ मा भएको हो । यस क्षेत्रका यी दुवै विद्यालयहरूमा प्राथमिक शिक्षाको मात्र सुविधा थियो ।
नेत्रगंजस्थित श्री जनता उच्च माध्यमिक विद्यालय व्यवस्थापन र प्राविधिक शिक्षा अध्यापनका लागि पनि उपयोग भइरहेको छ । साथै यो क्षेत्रमा घनाबस्ती भएकाले यस क्षेत्रका बालबालिकाको शैक्षिक आवश्यकताहरू पूरा गर्न हालका पूर्वाधार अपर्याप्त छन् ।
नयाँ विद्यालय भवनले दुर्गम क्षेत्रमा अध्ययनका लागि राम्रो वातावरण सिर्जना गर्नुका साथै जिल्लाको शैक्षिक विकासमा समेत योगदान पुऱ्याउनेछ ।
भारत सरकार, नेपाल सरकार र जिल्ला समन्वय समिति सर्लाहीबीच भएको सम्झौता अनुरूप उच्च प्रभाव सामुदायिक परियोजनाको रूपमा यस विद्यालय भवनको निर्माण भएको हो ।
सन् २००३ यता भारतले नेपालमा नेपालमा ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेकोमा हालसम्म ४६१ वटा परियोजनाको निर्माण सम्पन्न भइसकेको छ जसमध्ये सर्लाही जिल्लाका २० गरी प्रदेश २ मा ५८ वटा रहेका छन्।
यसका अतिरिक्त भारत सरकारले सर्लाही जिल्लाका विभिन्न स्वास्थ्य चौकीलाई ३८ वटा एम्बुलेन्स र एउटा स्कुल बस उपलब्ध गराइसकेको छ । भारत र नेपालबीच मित्रता र सहकार्यको विशिष्ट सम्बन्ध रहेको छ ।
दुई देशबीच बहुपक्षीय एवम्बहुक्षेत्रीय विकास साझेदारी पनि रहेको छ । यस शैक्षिक पूर्वाधारको निर्माणले प्राथमिकता क्षेत्रमा पूर्वाधार विकास गर्न नेपाल सरकारले गरेका प्रयासमा थप बल प्रदान गर्न भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

# ‘फ्लेभर्स अफ कश्मीर’ आयोजना



काठमाडौं । स्वामी विवेकानन्द साँस्कृतिक केन्द्र भारतीय राजदूतावासले काठमाडौंस्थित होटल एलोफ्टसँग सहकार्य गर्दै आजादीका अमृत महोत्सव इन्डियन फुड फेस्टिभल ‘फ्लेभर्स अफ कश्मीर’ नामक कार्यक्रम आयोजना गरेको छ ।
उक्त महोत्सवमा भारतीय सुप्रसिद्ध सेफ सञ्जय रैनाले तयार पारेका परिकारहरूका साथै कश्मीरका मौलिक परिकारहरूको प्रदर्शनी भइरहेको छ ।
नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले उक्त ‘फ्लेभर्स अफ कश्मीर’ महोत्सवको उद्घाटन गरेका थिए ।
फुड फेस्टिभल काठमाडौंको ठमेलस्थित होटेल एलोफ्टमा मंसिर २४ देखि पौष ४ सम्म चल्नेछ । भारतमा मात्र नभई विश्वभर ‘पृथ्वीमा स्वर्ग’ नामले परिचित कश्मीर प्राकृतिक छटाले मात्र भरिपूर्ण नभइ खानाको परिकारको लागि पनि परिचित छ ।
रमाइलो स्वादिष्ट परिकारहरूको विस्तृत प्रसारमा समावेश छ- कश्मीरी पुलाव, रिस्ता, गुश्ताबा, तबकमोज, लाल चिकन, कबाब, फिरनी आदि ।
भारतको ७५औं स्वतन्त्र वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको आजादीका अमृत महोत्सव अन्तर्गत यस कार्यक्रमको आयोजना गरिएको भारतीय राजदूतावासले जनाएको छ । यो कार्यक्रम आजादीका अमृत महोत्सव इण्डियन फुड फेस्टिभल श्रृंखलाको शुरूवात पनि हो । उद्घाटन समारोहमा स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रका कलाकारहरूद्वारा कश्मीरको समृद्ध सम्पदा झल्काउने साँस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरिएको थियो ।

# ‘नेपाल र भारतबीच पर्यटनको अथाह सम्भावना’

काठमाडौं । नेपाल र भारत सांस्कृति तथा धार्मिक समानताका साथै सदियौंदेखिको निकट सम्बन्धका पर्यटनको अथाह सम्भावना रहेको एक कार्यक्रममा चर्चा गरिएको छ ।
दुवै देशले पर्यटनसम्बन्धी साझा कार्ययोजना बढाउनुपर्नेमा सरोकारवालाले जोड दिँदै साझेदारीमा प्रवर्धन गर्न सके दुवै देशलाई फाइदा पुग्ने उनीहरूको धारणा छ । एसोसिएशन अफ बुद्धिष्ट टुर अपरेटर (अब्टो) भारतले बोधगयामा आयोजना गरेको तीन दिवसीय चौथो अब्टो अन्तरराष्ट्रिय कन्भेन्सनका वक्ताले यो कुरामा जोड दिएका हुन् ।
सम्मेलनका अवसरमा अन्तरराष्ट्रिय बुद्धिष्ट ट्राभल मार्ट तथा बौद्ध धर्मको २ हजार ५६६ वर्ष र यसको सान्दर्भिकता विषयक छलफल पनि आयोजना गरियो ।
सम्मेलनको उद्घाटन गर्दै भारतको दिल्लीका महिला बालबालिका, अल्पसङ्ख्यक तथा समाज कल्याणमन्त्री राजेन्द्रपाल गौतमले नेपाल र भारतबीच पर्यटनको अथाह सम्भावना रहेकाले आपसी सहकार्यमा अघि बढाउनुपर्ने बताए ।

# नेपाल-भारत सम्बन्ध अलौकिक : हर्षवर्द्धन

काठमाडौं । भारतीय जनता पार्टीका नेता हर्षवर्द्धनले नेपाल र भारतबीचको सम्बन्ध अलौकिक रहेको बताएका छन् । नेपाली कांग्रेसको १४औं महाधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले यस्तो बताएका छन् । हर्षवर्द्धनले नेपाल-भारत सम्बन्ध अलौकिक रहेको चर्चा गर्दै भने, ‘कोरोना रोकथाममा पनि भारतले सहायता प्रदान गऱ्यो । नेपाल र भारत सम्बन्ध प्रगाढ छ ।’ उनले एउटै मञ्चमा यतिधेरै प्रधानमन्त्री पहिलोपटक देखेको बताएका छन् ।
नेपाली कांग्रेसलाई शुभकामना दिन सम्बोधन गर्दै उनले पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल ‘प्रचण्ड’ र माधव नेपालतिर इसारा गर्दै उनले आफूले कहिले पनि यस्तो नदेखेको बताए ।
त्यस्तै उनले एउटा पार्टीको कार्यक्रममा सबै पार्टीका प्रमुख नेताहरू उपस्थित हुनु पनि आफ्ना लागि नयाँ विषय भएको बताए । उनले एउटै मञ्चमा यतिधेरै प्रधानमन्त्री हुनु नेपाली राजनीतिक दलहरूको संस्कार भएको भन्दै को प्रशंसा गरे ।
उनले यस्तो संस्कार संसारमा कतै पनि नदेखिएको बताए । ‘नेपालमा एकै पटक धेरै प्रधानमन्त्रीहरूलाई मञ्चमा देख्दा खुसी लागेको छ । एउटै मञ्चमा यति धेरै पूर्व-प्रधानमन्त्रीहरू भारतमा पनि देखेको छैन,’ उनले भने, ‘दुनियाँमा उदाहरण रहेको छैन । यो सबै विचारधाराको मानिसको अटाउनु सकेको छ । राजनीति सानो छातीले हुन सक्दैन ।’

# ‘नेपाल स्थायित्व रहोस् भन्ने भारतको चाहना’

काठमाडौं । भारतीय राष्ट्रिय कांग्रेसका नेता मुकुल वासनीकले भारत र नेपालबीचको सम्बन्ध शशक्त हुनुपर्नेमा जोड दिएका छन् । कांग्रेसको महाधिवेशन उद्घाटन समारोहमा बोल्दै नेता वासनीकले भने, ‘भारत नेपालमा स्थायीत्व रहोस् भन्ने चाहन्छ । हाम्रो पुरानो मित्रताको सम्बन्ध छ ।’ उनले नेपाली कांग्रेसको महाधिवेशनमा आउन पाउँदा खुसी लागेको बताए । उनले भने, ‘भारतीय राष्ट्रिय कांग्रेस र नेपाली कांग्रेसबीच ऐतिहासिक सम्बन्ध छ । यो सम्बन्ध निरन्तर रहनुपर्छ ।’
वासनिकले नेपाल-भारतको सम्बन्ध विश्वका अन्य देशभन्दा फरक रहेको बताए । उनले नेपाली काँग्रेसको महाधिवेशनमा मन्तव्य दिँदा गौरव महसुस भएको धारणा राखे । दुई पार्टीको बीचमा राम्रो सम्बन्ध रहेको र दुई पार्टीका बीचमा एक अर्काको कुरा अदानप्रदान भइरहेको बताउँदै उनले नेपाल-भारतको बीचमा पनि छुट्टै सम्बन्ध रहेको बताए । खुल्ला सीमाका कारण दुई देशको बीचमा आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध रहेको उनको भनाइ थियो । ‘दुई देशको बीचमा केही समस्या हुनसक्छ, तर त्यसलाई दुवै देशले मिलेर समाधान गर्न सकिन्छ,’ उनले भने, ‘यसका लागि भारतीय काँग्रेसले के भूमिका खेल्नुपर्छ त्यो भूमिका खेल्न तयार छौं ।’ नेता वासनिकले भारतीय काँग्रेसका अध्यक्ष सोनिया गान्धीले पठाएको शुभकामना सन्देशको बारेमा पनि जानकारी गराएका थिए ।

# एमसीसी भाँड्न चीन पनि छिऱ्यो

काठमाडौं। नेपालको संसदबाट एमसीसी पास नगराउन चीनले दबाब दिन सुरू गरेको छ। एमालेका महासचिव शङ्कर पोखरेलसँग चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिअन्तर्गतको अन्तर्राष्ट्रिय विभाग (आईडीसीपीसी) उपमन्त्री चेन चाओले भिडियो वार्ता गरी नेपालको संसदबाट एमसीसी पारित नगराउन दबाब दिएमा हुन ।
उपमन्त्री चाओले नेपालमा संसद् बैठकमा एमसीसी र अन्य प्रस्तावमा पुर्नविचार गर्न आग्रह गरेका थिए । चिनियाँ पक्षले नेपालको आन्तरिक मामिलमा दखल गर्दै सत्ता गठबन्धनमा सहभागी नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी तथा प्रमुख प्रतिपक्षी दल एमालेलाई यस्तो दबाब दिएको हो ।
चीन सरकारका अधिकारीहरूले नेपालका ठूला भनिएका सबै दललाई संसदमा एमसिसी पेस नगर्न दबाब दिएको हो ।
सरकारले संसद् अधिवेशन बोलाएपछि चिनियाँ अधिकारीले नेपालका सबै दलका नेतालाई टेलिफोन गरी नेपाल-चीन सम्बन्ध प्रगाढ र ऐतिहासिक रहेको स्मरण गराउँदै एमसिसीमा पुनर्विचार गर्न आग्रह गरेको हो ।
अमेरिकाले एमसिसी पास नगरे नेपाललाई अन्तर्राष्ट्रिय सहयोग नै रोक्ने चेतावनी दिएको छ । एससिसी उपाध्यक्ष फतिमा सुमारले पनि नेपाल आएका बेला एमसिसी अनुदान अस्वीकार गरे वैदेशिक सहयोग रोकिने चेतावनी दिएकी थिइन् । पाँचदलीय गठबन्धनबाट बनेको शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकारमा सहभागीमध्ये माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी भने एमसिसी संशोधन नगरी पास गर्न नहुने अडानमा छन् । चिनियाँ सरकारको दबाबपछि ती दुई दललाई राहत मिलेको छ भने नेपाली कांग्रेस अलमलमा परेको छ ।
एक नेताका अनुसार चिनियाँ पक्षको दबाबपछि चालु संसद् अधिवेशनमा एमसिसी पेस हुने वा नहुने भन्नेबारे अन्योल बढेको छ । एमसिसी परियोजना पाँच सय मिलियन अमेरिकी डलर (करिब ५५ अर्ब रूपैयाँ) को छ । नेपाल सरकारले अमेरिकासँग सन् २०१६ मा सो परियोजनामा हस्ताक्षर गरेको थियो ।

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंकको वार्षिक साधारण सभा सम्पन्न

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडको १५औं वार्षिक साधारणसभा सोमबार काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भएको छ । आर्थिक वर्ष २०७७/७८को कुल मुनाफाबाट बैंकले आफ्ना शेयर धनीहरूलाई प्रस्ताव गरेको १० प्रतिशत बोनश शेयर र ३.५ प्रतिशत नगद लाभांश गरी जम्मा १३.५ प्रतिशत लाभांश दिने प्रस्तावलाई पारित गर्दै बैंकको १५औं वार्षिक साधारणसभा सम्पन्न भएको हो । बैंकले आर्थिक वर्ष २०७७/७८ मा सञ्चालन मुनाफा ७ अर्ब ९ करोड रूपैयाँ र कर पछिको मुनाफा ४ अर्ब १६ करोड रूपैयाँ आर्जन गरेको थियो । प्रस्तावित बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुंजी २३ अर्ब ७९ करोड रूपैयाँ पुग्नेछ । साधारणसभामा बैंकको सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७७/७८ को प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष चन्द्रप्रसाद ढकालले ग्लोबल आइएमई बैंक आफ्नो स्थापनाकालदेखि नै नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकद्वारा घोषित नीतिहरूको परिपालन गर्दै आफ्ना शेयरधनीहरूलाई उचित लाभांश प्रदान गर्न कटिबद्ध रहेको बताए । बैंकले सदाझैं आफ्नो व्यावसायिक रणनीतिक योजनाअनुरूप निक्षेप संकलन, कर्जा लगानी तथा व्यवसाय विस्तारका सन्तुलित रूपमा बैंकको उपस्थिति वृद्धि गर्दै जाने उनले बताए ।
कोरोना महामारीले अर्थतन्त्रमा पारेको प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न ग्राहकमैत्री अत्याधुनिक डिजिटल प्रविधिमार्फत सेवा प्रवाह गर्दै ग्राहकहरूलाई थप प्रभावकारी सेवा पुऱ्याउन लागीपरेको पनि उनले जानकारी गराए । साथै, बैंकले अझै सर्वसुलभ बैंकिङ्ग सेवा प्रदान गर्ने तथा राष्ट्र बैंकले २०७९/८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्षको रूपमा मनाउने घोषणाअनुसार देशैभर डिजिटल भुक्तानीका लागि बैंकिङ्ग साक्षरता कार्यक्रमहरू आयोजना गर्दै जाने पनि जानकारी गराए । यसका साथसाथै, अध्यक्ष ढकालले शेयरधनीको आकांक्षाअनुरूप आगामी दिनमा उच्च लाभांश प्रदान गर्न बैंक प्रयासरत रहेको समेत बताए । बैंकको खुद मुनाफा आ.व.२०७६/७७ को तुलनामा आ.व.२०७७/७८ मा४३.२० प्रतिशतले वृद्धि भई ४ अर्ब १६ करोड रूपैयाँ पुगेको हो । हाल बैंकले २ खर्ब ७४अर्ब रूपैयाँभन्दा बढी निक्षेप संकलन गर्नुका साथै २ खर्ब ७०अर्ब रूपैयाँभन्दा बढी कर्जा लगानी गरेको छ । सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यका साथ बैंकले देशका ७६ जिल्लामा २८७ शाखा सञ्जाल तथा ३ अन्तर्राष्ट्रिय सम्पर्क कार्यालयसहित ८५० भन्दा बढि सेवा केन्द्रबाट २७ लाख ग्राहकलाई प्रत्यक्ष बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

# ‘नेपालसँगको सम्बन्ध टुट्न दिंदैनौं’



काठमाडौं । भारतका रक्षामन्त्री राजनाथ सिंहले नेपालसँग भारतको सम्बन्ध बिगार्न चाहने शक्तिहरू रहेको बताएका छन् ।
बुधबार उत्तराखण्डमा आयोजित कार्यक्रममा सिंहले दुई मुलुकबीचको सम्बन्धको बारेमा चर्चा गरे ।
भारतीय सञ्चार माध्यम एएनआईका अनुसार सिंहले दुई मुलुकको सम्बन्धलाई टुट्न नदिने बताए ।
‘नेपालसँग भारतको सम्बन्ध बिगार्न चाहने शक्तिहरू छन् । सरकारको प्रतिनिधिको हैसियतमा म तपाईंलाई भन्न चाहन्छु कि यदि हामीले हाम्रो शिर झुकाउनु पर्यो भने झुकाउछौं,’ उनले भने,‘तर हामी हाम्रो छिमेकी नेपालसँगको सम्बन्ध टुट्न दिदैनौं ।’

# गुहाटीका पत्रकार देवानलाई अन्तर्राष्ट्रिय पदक

काठमाडौं । सामुदायिक विकास तथा विश्वशान्ति पत्रकारिता सातौं अन्तरराष्ट्रिय सम्मान-२०२० बाट पत्रकार नन्दकुमार देवान सम्मानित भएका छन् । अमेरिका-नेपाल र राष्ट्रिय प्रेस क्लबको आयोजनामा उनलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले सम्मानपत्र सहित पदक प्रदान गरेका हुन् ।
कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले सो पुरस्कारले नेपालमा रहेर सो क्षेत्रमा काम गर्ने पत्रकारमा समेत जोस जाँगर भर्ने बताए । उनले अन्तर्राष्ट्रिय मानवअधिकार दिवस पारेर प्रदान गरेको सो पुरस्कारले पत्रकारीता क्षेत्रमा उर्जा प्राप्त भएको बताए । अमेरिका नेपाल प्रेस क्लब र राष्ट्रिय प्रेस क्लबले गरेको सो कार्य महत्वपुर्ण छ । दुई संस्थाले विभिन्न मुलुकका पत्रकारको अवस्थाबारे अध्धयन गरेपछि देवानलाई पदक र सम्मानपत्र प्रदान गरिएको हो । यस अघि जापान, अमेरिका जर्मन, फ्रान्स, उत्तरकोरियाका विशिष्ट व्यक्तिले अन्तराष्ट्रिय सम्मन पाइसकेका छन् ।

# कांग्रेसमा...

कांग्रेसबाट प्रधानमन्त्री भएका सबै व्यक्ति मधेशबाटै जितेका हुन् । देउवाको पनि एकपटक मनमा आशंका उब्जेपछि उनी डडेलधुरा र कञ्चनपुरबाट चुनाव लडे । तर जब दुइटै ठाउँबाट जिते, उनले पछि मधेशबाट राजीनामा गरे ।

मधेशको भोट बैंकलाई सत्ता, शक्ति र भक्तिका बलमा प्रयोग गर्दै आएका नेपाली कांग्रेसको आगामी यात्रा त्यति सहज देखिन्न भन्ने कुरा पछिल्लो महाधिवेशनले पनि पुष्टि गरिसकेको छ ।

दोस्रो पुस्तामा नाम सारिएका कोइराला बन्धुहरूको एउटा लर्को देखिन्छ भने संस्थापन पक्षबाट शेरबहादुरलाई उछिन्दै विमलेन्द्र निधिले सभापतिका लागि निर्वाचन लडेर हिम्मत गरेका छन् । कांग्रेसमा कोइराला बन्धुसँग वंशाणु लिगेसीबाहेक त्यस्तो क्षमता र दक्षता देखिन्न ।

सबैभन्दा ठूलो कुरा के हो भने पहिचानका लागि संघर्षरत समुदायमा पर्ने निधि मधेशी हुन्, जो आजसम्म नेपाली कांग्रेसको सर्वोच्च पदमा पुगेका छैनन् । शायद पुग्न पनि दिइदैन ।

सम्पूर्ण जीवन नै कांग्रेस पार्टीमा लगाएका निधिले पनि मधेशी भएको पीडाबोध अब गरिरहेका होलान् । उनी भन्दा केही वर्ष पूर्व नै महन्थ ठाकुर लगायतका नेताहरूले त्यो उपेक्षाको अनुभूति गरिसकेका थिए । मधेशको सवालमा कांग्रेस, एमाले, माओवादीमा कुनै भिन्नता नरहेको निधिले पक्कै पनि नबुझेका छैनन् होला ।

कांग्रेसमा निधि भन्दा वरिष्ठ र जानकार नेताहरूको संख्या कम छ । तर पनि उनलाई अवसरबाट वञ्चित गरिदैछ । देउवालाई अगाडि बढाउन सदैव लागेका निधिलाई अहिले देउवाले दुधको झिंगा झै फालेका छन् । कांग्रेसमा निधिले आफ्नो राजनीतिक जीवनको अत्यन्त महत्वपूर्ण तर कठिन घडीमा छन् । कांग्रेसलाई देशको नम्बर एक बनाउन सक्ने सामर्थ्य निधिमा छ । तर उनी मधेशी छन् । त्यो अवसर उनले पाउन सक्दैनन् । समयमै निधिले चेतेको भए आज उनले मधेशी भएको पीडा भोग्नु पर्ने थिएन् । कांग्रेस पार्टीले उनको महत्व र आवश्यकतालाई स्वीकार गर्न बाध्य हुनुपर्थ्यो । मधेशमा कांग्रेसले गुमाएको साखलाई निधिले फर्काउन सक्थे । तर उनी समयमा चुकेको कारण कांग्रेस भित्र समेत उपेक्षित हुनु परेको छ ।

देउवाको प्रमुख सहयोगीको भूमिकामा रहँदा निधिका वरिपरि रहने गरेका नेताहरू अहिले दूरदृष्टिले हेर्दा पनि देखिदैन् । त्यसको जिम्मेवार उनी स्वयं हुन् । अन्य दलमा रहेका अथवा कांग्रेसमै रहेका मधेशी नेताहरूले निधिको स्थितिबाट पाठ सिक्नु पर्ने अवस्था छ ।

हिजोसम्म कांग्रेसले देशमा अभिभावकीय भूमिका देखाएकै हो तर अहिले आएर कांग्रेस निष्प्रभावी भएको छ । कांग्रेस र मधेशको एउटा ऐतिहासिक सम्बन्ध थियो, भत्सिकेको छ ।

कांग्रेसको आधारभूमि नै मधेश थियो । मधेशबाट कांग्रेसका ठूलठूला दिग्गज भनाउँदा पहाडी नेताहरू जिते तर मधेशको अवस्थामा कुनै सुधार आएन । राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक र विकासको दृष्टिकोणले सधैं मधेशलाई पछि पारिए ।

मधेशलाई कर र मत तिर्ने ठाउँको रूपमा उपयोग मात्र गरिरहे । अधिकार दिइएन । धेर्रै कांग्रेसी नेताहरू मधेशबाट नै जितेर प्रधानमन्त्री भए तर मधेशको अवस्था ज्यूँका त्यूह छ ।


## जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका,जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं